# चालीस हदीस बच्चाहरूका लागि

मुहम्मद बिन् सुलैमान बिन् अब्दुल्लाह अल्-मुहन्ना



# चालीस हदीस
## बच्चाहरूका लागि

लेखकः मुहम्मद बिन् सुलैमान बिन् अब्दुल्लाह अल्-मुहन्ना

ⓒ جمعية الدعوة والإرشاد وتوعية الجاليات بالربوة ، 1445هـ

المهنا ، محمد بن سليمان
الأربعون الولدانية: أربعون حديثاً صحيحاً مع شرحها باللغة
النيبالية. / محمد بن سليمان المهنا - ط1. .- الرياض ، 1445هـ

102 ص ؛ ..سم

**رقم الإيداع: 1445/19266**
**ردمك: 978-603-8438-09-1**

مركز أصول
Osoul Center
www.osoulcenter.com

यो किताब उसूल सेन्टरद्वारा तयार र डिजाइन गरिएको हो । डिजाइनमा प्रयोग गरिएका सबै फोटोहरू उसूल सेन्टरको स्वामित्वमा छन्। उसूल सेन्टरले सबै मुस्लिमहरूलाई यो किताब छपाउने र बाँड्ने अनुमति दिन्छ, तर छपाउँदा निम्न कुराहरूमा अनिवार्य रूपमा ध्यान दिनु पर्नेछ । उसूल सेन्टरको अनुमति बिना किताबमा लेखिएका शब्दहरूमा कुनै पनि किसिमको परिवर्तन वा थपघट गर्न पाइने छैन र छपाइको लागि उच्च गुणस्तर तथा मापदण्डको पालना गर्नु पर्नेछ।

+966 11 445 4900
+966 11 497 0126
P.O.BOX 29465 Riyadh 11457
www.osoulcenter.com

بسم الله الرحمن الرحيم

# किताबको सम्बन्धमा

अल्हम्दुलिल्लाहि रब्बिल् आलमीन, वस्सलातु वस्सलामु अला नबिय्यिना मुहम्मद, व अला आलेहि व साहबेहि अज्मईन्, अम्मा बअद......

इस्लामिक धर्मविद्हरूले "अरबईन" अथवा "चालीस" नाम दिएर विभिन्न विषयमा कैयौँ किताबहरू लेखेका छन् । तिनै किताबहरूमा "अल्-अरबऊन अन्नवविय्य" सबैभन्दा प्रसिद्ध छ । त्यस किताबमा इमाम नववी रहिमहुल्लाहले नबी ﷺ का चालीस हदीसहरू सङ्कलन गर्नुभएको छ । ताकि विद्यार्थीहरूले त्यसलाई याद गर्न सकुन् र त्यसको अर्थ बुझ्न सकुन् ।

त्यसैगरी चालीस हदीसहरू सम्मिलित किताबहरूमा अल्-हरवीको किताब 'अल्-अरबईन फी दलाइल अत्तौहीद', इब्नुल् मुफद्दलको 'अल्-अरबईन अल्-इलहिय्यह्' इब्ने असाकिरको 'अल्-अरबईन् अल्-बुल्दानिय्यह्' आदि छन् । यी किताबहरू बाहेक यस विषयमा अरू पनि धेरै किताबहरू छन् ।

अल्लाहको कृपाले मैले साना हदीसहरू मध्येबाट विभिन्न शरई विषयहरू अन्तर्गत चालीस हदीसहरूलाई सङ्कलन गरेको छु । ताकि तिनलाई हाम्रा साना बच्चा बच्चीहरूले सजिलै याद गर्न सकुन् र तिनका अर्थ सम्झन सकुन् ।

मैले यस किताबको नाम "अल्-अरबईन अल्-विल्दानिय्यह्" (चालीस हदीस बच्चाहरूका लागि) राखेको छु । यस किताबमा त्यस्ता हदीसहरू छन्, जसलाई इमाम बुखारी र इमाम मुस्लिम जस्ता वरिष्ठ एवम् विश्वसनीय हदीसका विद्वानले एकमतको साथ आफ्ना किताबमा बयान गर्नुभएको छ, वा दुबैमध्ये कुनै एकले बयान गर्नुभएको छ । उहाँहरू दुबैमाथि अल्लाहको अत्याधिक दया अवतरण होस् ।

आफ्नो ज्ञान र क्षमता अनुसार यथासम्भव छोटो व्याख्यात्मक शैलीलाई अपनाउँदै "अल्-अरबईन अल्-विल्दानिय्यह" का हदीसहरूलाई छोटकरीमा

व्याख्या गरेको छु, ताकि हदीसको अर्थ र उद्देश्य स्पष्ट होस्।

मलाई आशा छ, अल्लाहले मेरो यो सानो कोसिसलाई पुण्य कर्मको रूपमा स्वीकार गर्नुहुनेछ अनि मानिसहरूका लागि पनि स्वीकार योग्य र फाइदा जनक बनाउनु हुनेछ। मेरो चाहना छ, मानिसहरूले यसका प्रत्येक हदीसहरूलाई पढुन् र याद गरुन्। व्यक्तिगत रूपमा र सामूहिक रूपमा पनि यसको पठन पाठन गरुन्, यसबाट हदीस कण्ठस्थ गर्ने प्रतियोगिता गराउन्, मद्रसाहरू, मस्जिदहरू र घरहरूमा पनि यसको पठन पाठन होस्।

हे हाम्रा मालिक ! हामीलाई फाइदा जनक ज्ञान दिनुहोस् र सधैँ सत्कर्म गर्ने क्षमता प्रदान गर्नुहोस्। अनि प्यारो नबी मुहम्मद ﷺ माथि अत्याधिक दया, कृपा र सलामति अवतरण गर्नुहोस्।


मुहम्मद बिन् सुलैमान बिन् अब्दुल्लाह अल्-मुहन्ना

रियाद साउदी अरब

**Riyadh**

**00966505490525**

**Twitter: @almohannam**

**E-mail: almohanna.m@gmail.com**

# किताबको सम्बन्धमा मुख्य ६ वटा कुराहरू

(१) यो किताब साना ठूला सबै उमेरका मानिसहरूको लागि उपयुक्त छ, किनभने यसमा कुर्आनका आयात, हदीसहरू, धर्मविद्हरूका किताबमा नकल गरिएका शब्दहरू, तिनका अर्थ र उपदेशहरू छन् ।

(२) याद गर्न सजियलो होस् भन्ने उद्देश्यले मैले यी साना हदीसहरूलाई चयन गरेको छु अनि अलग-अलग विषयमा जानकारी होस् र अधिक फाइदा होस् भन्ने उद्देश्यले विभिन्न विषयका हदीसहरू चयन गरेको हुँ।

(३) मैले किताबको अन्त्यमा सबै हदीसहरूलाई क्रमबद्ध रूपमा नकल गरेको छु, ताकि हिफ्ज (कण्ठ) गर्नेहरूका लागि सहज होस्।

(४) वास्तवमा यो "अल्-अरबईन अल्-विल्दानिय्यह्" किताबलाई मैले साना बच्चाहरूलाई याद गर्न सजिलो होस् भनेर तयार गरेको हुँ। त्यसैले बच्चाहरूलाई हिफ्ज गराउनको लागि मस्जिदहरू, मद्रसाहरू, शैक्षिक सभा तथा कार्यक्रमहरूमा हिफ्ज प्रतियोगिताको आयोजना गर्न अनुरोध गर्दछु ।

(५) म बुवा-आमा, शिक्षक र शिक्षिकाहरूलाई बच्चाहरूको साथ किताब पढ्न अनुरोध गर्दछु, ताकि बच्चाहरूले हिफ्ज गर्नु भन्दा पहिले उनीहरूको भाषा र उच्चारण सुधार होस्, अनि ती हदीसहरूबाट हासिल हुने इस्लामिक आदाब तथा शिष्टाचारहरू सिक्न सकुन् ।

(६) मैले हदीसको व्याख्या गर्दा धेरै अर्थ, लाभ र निर्देशनहरू उल्लेख गरेको छु, तैपनि बाँकी अरू कैयौं अर्थ, लाभ र निर्देशनहरू मैले उल्लेख गरेका भन्दा पनि धेरै छन् । मलाई आशा छ, बच्चा बच्चीहरूले स्वयम् वा कसैसँग मिलेर बाँकी रहेका अर्थ, फाइदा र निर्देशनहरू खोज अनुसन्धान गर्नेछन् र त्यसलाई नोट गरेर राख्नेछन्, ताकि त्यसबाट स्वयम् उनीहरूलाई पनि फाइदा होस् र अरूले पनि फाइदा उठाउन सकुन् ।

# 1

अब्दुल्लाह इब्ने उमर इब्ने खत्ताब रजियल्लाहु अन्हुमाले वर्णन गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः इस्लामका पाँचवटा अर्कान (आधारहरू) छन्; ती हुन्- अल्लाह बाहेक अरू कोही पनि सत्य पूज्य छैन र मुहम्मद ﷺ अल्लाहको रसूल हुनुहुन्छ भन्ने कुराको गवाही दिनु, नमाज कायम गर्नु, जकात दिनु, हज गर्नु र रमजान महिनाको रोजा राख्नु।" (बुखारीः ८, मुस्लिमः १६)

## व्याख्याः

यस हदीसमा नबी मुहम्मद ﷺ ले हामीलाई बताउनु भएको छ: इस्लाम धर्ममा पाँच यस्ता कामहरू छन्, जो सबैभन्दा महत्त्वपूर्ण र सबैभन्दा अनिवार्य छन् । यिनै कामलाई 'अर्कानुल्-इस्लाम' (इस्लामका आधारहरू) भनिन्छ । जसको छोटकरीमा व्याख्य यस प्रकार छ-

**पहिलो आधार -** अल्लाह बाहेक अरू कोही पनि सत्य पूज्य छैन र मुहम्मद ﷺ अल्लाहको रसूल हुनुहुन्छ भन्ने कुराको गवाही दिनु। यो सबै आधारहरू मध्येको सबैभन्दा ठूलो र महत्त्वपूर्ण आधार हो। त्यसैले जसले शहादतैन (ला इलाह इल्लल्लाह, मुहम्मदुर्-रसूलुल्लाह) "अल्लाह बाहेक अरू कोही पनि सत्य पूज्य छैन र मुहम्मद ﷺ अल्लाहको रसूल हुनुहुन्छ" भन्ने कुराको गवाही मुखले उच्चाण गर्छ र हृदयले स्वीकार गर्छ, ऊ इस्लाममा दाखिल हुन्छ।


**दोस्रो आधार –** नमाज कायम गर्नु। शहादतैन पछि इस्लामका आधारहरू मध्येको दोस्रो ठूलो आधार नमाज हो। त्यसैले अल्लाहको रसूल ﷺ ले शहादतैन पछि तुरुन्तै नमाजको चर्चा गर्नुभएको छ।

**तेस्रो आधार** – जकात अदा गर्नु । “जकात” धन-सम्पत्ति एउटा निश्चित पैमानासम्म पुगेपछि त्यसबाट निकालिने इस्लामिक शरिअतले तोकेको निश्चित मात्राको धन-सम्पत्ति हो । त्यो धन-सम्पत्तिलाई गरिब, निमुखा तथा आवश्यकतामा परेका मानिसहरूलाई दिनु मुस्लिमहरूमाथि अनिवार्य गरिएको छ ।

**चौथो आधार** – रमजान महिनाको रोजा राख्नु । पुरै रमजान महिनाको रोजा राख्न मुस्लिमहरूमाथि अनिवार्य गरिएको छ । केही त्यस्ता कमजोर तथा असक्त व्यक्तिहरूलाई रोजा नराख्न अनुमति छ, जो विशेष कारणले गर्दा रोजा राख्न असमर्थ हुन्छन् ।

**पाँचौं आधार** – बैतुल्लाहको हज गर्नु । अल्लाहको उपासनाको लागि बनाइएको पवित्र घर काबा (बैतुल्लाह) को हज गर्नु मुस्लिमको लागि जिन्दगीमा एकपटक मात्र अनिवार्य छ । हज त्यस्ता व्यक्तिहरूमाथि अनिवार्य छ जो आर्थिक र शारीरिक रूपमा त्यहाँसम्म पुग्न सामर्थ्यवान् हुन्छन् ।

यी इस्लामका त्यस्ता आधारहरू हुन, जसमा इस्लामको जग टिकेको छ । यी आधारहरूका विस्तृत विधिविधान तथा व्यवहारमा लागू गर्ने तौर तरिका अकीदा र फिक्हका किताबहरूमा लेखिएका छन् ।



# 2

अनस इब्ने मालिक रजियल्लाहु अन्हुले बयान गर्नुभएको छः अल्लाहको नबी ﷺ सँग कबाइर (ठूला पापहरू) को बारेमा सोधियो त उहाँले भन्नुभयोः अल्लाहको साथमा अन्य कसैलाई साझेदार गराउनु, आमा बुवाको आज्ञा पालन नगर्नु, अकारण कसैको हत्या गर्नु र झूटो गवाही दिनु। (बुखारीः २६५३ मुस्लिमः ८८)

## व्याख्याः

यस हदीसमा अल्लाहको नबी ﷺ ले हामीलाई त्यस्ता चार कुराहरूबारे जानकारी दिनुभएको छ, जो पापहरूमा ठूला पाप (कबाइर) हुन्। हदीसमा बताइएका चार ठूला पापहरूको खुलासा यस प्रकार छः

(१) **सबैभन्दा ठूलो पापः शिर्क (अल्लाहको साथमा अरू कसैलाई साझेदार गर्नु)-** यो सबैभन्दा ठूलो पाप हो, किनभने यसले मानिसलाई इस्लामबाट बाहिर गरिदिन्छ र कुफ्रमा दाखिल गराउँछ अनि सधैँको लागि नर्कको भागीदार बनाउँछ। यसै सम्बन्धमा अल्लाहले भन्नुभएको छः

﴿إِنَّهُ مَنْ يُشْرِكْ بِاللَّهِ فَقَدْ حَرَّمَ اللَّهُ عَلَيْهِ الْجَنَّةَ وَمَأْوَاهُ النَّارُ وَمَا لِلظَّالِمِينَ مِنْ أَنْصَارٍ ۝٧٢﴾

अर्थः "निःसन्देह, जसले अल्लाहसँग कसैलाई साझेदार ठहराउँछ, अल्लाहले उसको लागि स्वर्गमा प्रवेश हराम (निषेध) गर्नुभएको छ र उसको वासस्थान नर्कमा

हुनेछ। अनि अत्याचारीहरूको कोही पनि सहयोगी हुनेछैन।" (सूरतुल्-मायदाः ५/७२)

(२) **दोस्रो ठूलो पापः** आमा बुवाको अवज्ञा गर्नु- आमा बुवाको अवज्ञा अन्तर्गत निम्नलिखित कुराहरू पर्छन्- उहाँहरूलाई छाड्नु र नाता सम्बन्ध तोड्नु, उहाँहरूलाई धिक्कार गर्नु, व्यवहार र वचनद्वारा सताउनु, उहाँहरूको आदेश पालना नगर्नु र विभिन्न तरिकाले उहाँहरूसँग अभद्र व्यवहार गर्नु, इत्यादि।

(३) **तेस्रो ठूलो पापः** अकारण कसैको हत्या गर्नु- बिना कुनै कारण कसैको हत्या गर्नु ठूलो पाप हो। यो अल्लाहलाई क्रोधित गर्ने कारण र नर्कमा जाने माध्यम हुनसक्छ। किनभने अल्लाहले भन्नुभएको छः

﴿وَمَنْ يَقْتُلْ مُؤْمِنًا مُتَعَمِّدًا فَجَزَاؤُهُ جَهَنَّمُ خَالِدًا فِيهَا وَغَضِبَ اللَّهُ
عَلَيْهِ وَلَعَنَهُ وَأَعَدَّ لَهُ عَذَابًا عَظِيمًا ﴿٩٣﴾﴾

अर्थः "यदि कसैले जानी-जानी कुनै मोमिनलाई मार्छ भने उसको सजाय नर्क हो। त्यहाँ ऊ सधैँ रहने छ अनि अल्लाहको क्रोध एवम् अभिशापको पात्र हुनेछ र यस्तो मानिसको लागि उहाँले कठोर सजाय तयार गर्नुभएको छ।" (सूरतुन्-निसाः ४/९३)

(४) **चौथो ठूलो पापः झूटो गवाही दिनु-** हदीसमा अज्-जूर (الزُّورِ) शब्द आएको छ, यसको अर्थ झूट हो। जसले कसैको विरुद्ध झूटो कुराको गवाही दिन्छ उसले घृणित कार्य गर्छ, जसको कारण ऊ ठूलो पापको भागीदार हुनजान्छ।

त्यसैले मुस्लिमहरूले सधैँ सत्य कुराहरूलाई अपनाउनु पर्छ। कुनै कुराको गवाही दिँदा सही र सत्य गवाही दिनु पनि सत्यताका काम कुराहरू मध्ये पर्दछ। तसर्थ जब कसैसँग कुनै कुराको गवाही मागिन्छ त उसले सही र सत्य कुराको गवाही दिनुपर्छ, चाहे त्यो अदालतमा होस् वा जुनसुकै ठाउँमा किन नहोस्। अनि झूट बोल्न र झूटो कुराको गवाही दिनबाट बच्नुपर्छ, ताकि ऊ ठूलो पापको सजायको भागीदार हुन नपरोस्।

# 3

अब्दुल्लाह इब्ने अम्र रजियल्लाहु अन्हुमाले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो: "मुस्लिम त्यो हो, जसको वचन र हातहरूद्वारा मुस्लिमहरू सुरक्षित हुन्छन् ।" (बुखारी: १०, मुस्लिम: ४१)

## व्याख्या:


मोमिन (आस्थावान्) कहिले पक्का तथा बलियो ईमानवाला हुन्छ र कहिले कमजोर ईमानवाला हुन्छ; त्यसैगरी मुस्लिम (आज्ञापालक) पनि कहिले पक्का र पूर्ण इस्लामवाला हुन्छ भने कहिले कमजोर इस्लामवाला हुन्छ ।

त्यसैले जो मुस्लिम इस्लाममा पक्का र परिपूर्ण हुन्छ, त्यो सच्चा मुस्लिम हो र उसको इस्लाम वास्तविक इस्लाम हो, उसको इस्लामलाई अल्लाहले मन पराउनु हुन्छ र ऊ सँग प्रसन्न पनि हुनुहुन्छ ।

यस हदीसमा नबी ﷺ ले आफ्नो वचन र हातहरूलाई सुरक्षित राख्ने व्यक्ति नै सच्चा र पक्का मुस्लिम हो भन्ने कुरा बताउनु भएको छ । मुस्लिमले आफ्ना वचन र हातहरूद्वारा कुनै पनि मुस्लिमलाई कष्ट दिनुहुँदैन । जस्तै- उनीहरूलाई गाली

गर्ने, चुगली गर्ने, सताउने, पिट्ने, बेइज्जत गर्ने, अपशब्द बोल्ने, उनीहरूको मान सम्मानमा अपमान गर्ने र आफ्ना हातहरूद्वारा उनीहरूमाथि अत्याचार गर्ने जस्ता कामहरू गर्नुहुँदैन।

यस्तो विशेषता भएको व्यक्ति परिपूर्ण मुस्लिम हो। यस्तो व्यक्तिका वचन र हातहरूबाट मुस्लिमहरू सुरक्षित हुन्छन्। जसले मुस्लिमहरूलाई आफ्ना वचन र हातहरूद्वारा कष्ट दिन्छ, ऊ इस्लाममा कमजोर र ईमानमा अपूर्ण हुन्छ। ऊ अल्लाहको दृष्टिमा प्यारो पनि हुँदैन।



# 4

अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "मुनाफिक (कपटी) का तीनवटा विशेषताहरू छन्, ती हुन्- जब कुनै कुरा गर्छ त झूटो बोल्छ, जब वादा गर्छ त वादाको विपरीत गर्छ र जब अमानत दिइन्छ त त्यसमा खयानत (हेराफेरी) गर्छ।" (बुखारीः ३३ मुस्लिमः ५९)

## व्याख्याः

मुनाफिक अल्लाहको सृष्टिका प्राणीहरू मध्ये सबैभन्दा खराब प्राणीहरू हुन्। परलोकमा उनीहरूको स्थितिको बारेमा जानकारी दिँदै अल्लाहले भन्नुभएको छः

﴿إِنَّ الْمُنَافِقِينَ فِي الدَّرْكِ الْأَسْفَلِ مِنَ النَّارِ﴾

अर्थः "निःसन्देह मुनाफिकहरू नर्कको सबैभन्दा तल्लो भागमा जानेछन्।" (सूरतुन्-निसाः ४/ १४५)


यस हदीसमा नबी ﷺ ले हामीलाई मुनाफिकका तीन निशानी तथा विशेषताहरूको बारेमा बताउनु भएको छ, ताकि हामीहरू मुनाफिकका कामहरूबाट बच्न सकौं।

(१) **पहिलो निसानीः झूट बोल्नु।**

(२) **दोस्रो निसानीः वादाको विपरीत गर्नु।**

(३) **तेस्रो निसानीः अमानतमा खयानत गर्नु।**

उपरोक्त तीनवटै विशेषताहरू मुनाफिकका निसानी हुन् । मोमिन त्यस्तो व्यक्ति हो, जसले झूट बोल्दैन, सधैँ सत्य बोल्छ । कसैसँग कुनै काम कुराको वादा गर्छ भने त्यसलाई पुरा गर्छ, वादा गरेको विपरीत काम गर्दैन । अनि कसैले उसको पासमा कुनै चीज अमानत अथवा नासोको रूपमा राख्छ भने त्यसलाई सुरक्षित राख्छ र समयमा त्यसलाई फिर्ता पनि गर्छ । त्यसमा कुनै कमी बेसी गर्दैन, फिर्ता गर्नमा टाल मटोल गर्ने र ढिलो गर्ने वा इ न्कार गर्ने गर्दैन । त्यसैगरी कसैले कुनै कुरा बताउँछ र कसैलाई नभन्न भन्छ वा कुनै गोप्य राख्नुपर्ने कुराको जानकारी गराएको छ भने त्यसलाई गोप्य नै राख्छ, कसैलाई भन्दैन । किनभने गोप्य राख्न भनिएको कुरा गोप्य नराख्नु पनि अमानतमा खयानत हो । अल्लाहले हामी सबैलाई मुनाफिकका कार्य गर्न र गराउनबाट बचाउन् ।



# 5

जाबिर इब्ने अब्दुल्लाह रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "मानिस, शिर्क र कुफ्रमा अलग गर्ने कार्य नमाज छोड्नु हो ।" (मुस्लिमः ८२)

## व्याख्याः

शहादतैन (अश्हदु अल्ला इलाह इल्लल्लाह, व अश्हदु अन्न मुहम्मदर्-रसूलुल्लाह) पछि इस्लामको सबैभन्दा महत्त्वपूर्ण आधार नमाज (सलाह) हो । त्यसैले कुर्आनका कैयौँ आयतहरू र नबी ﷺ का हदीसहरूमा नमाजलाई कायम गर्ने आदेश दिइएको छ र यसलाई छोड्न मनाही गरिएको छ ।

यस हदीसमा हामीलाई नमाजको मामिलामा सुस्ती गर्दा हुने हानी वा त्यसको नराम्रो परिणामको बारेमा पनि बताइएको छ । अल्लाहको रसूल ﷺ ले यस हदीसमा स्पष्ट पार्नुभएको छ कि नमाजले मानिसलाई शिर्क र कुफ्र जस्तो चीजबाट टाढा छ वा छैन भन्ने कुरा देखाइदिन्छ । यदि कसैले नमाज छोड्छ भने ऊ शिर्क वा कुफ्रमा फस्न सक्ने धेरै सम्भावना हुन्छ । अल्लाहले हामीलाई नमाज छोड्ने कार्यबाट बचाउन् ।

उपरोक्त कुराहरूबाट नमाज छोड्नु ठूलो पाप र बर्बादीको कारण हो भन्ने कुरा स्पष्ट हुन्छ । ठूला पापहरू जस्तै- ब्याज, व्यभिचार, चोरी, रक्सी तथा नशालु पदार्थ

सेवन गर्नु आदि, सामाजिक रूपमा ठूला पापहरू हुन् भने नमाज छोड्नु यी सबै ठूला पापहरू भन्दा पनि खतरनाक पाप हो।

त्यसैले प्रत्येक मुस्लिम चाहे पुरुष होऊन् वा महिला सबैले नमाजलाई विशेष ध्यान दिनुपर्छ र नियमित रूपमा पढ्ने गर्नुपर्छ। किनभने नियमित पढ्नाले अल्लाहको प्रसन्नता प्राप्ति हुन्छ, जीविकामा वृद्धि हुन्छ, भलाइका बाटाहरू खुल्छन्, स्वर्गमा प्रवेशको लागि सहजता हुन्छ, अनि यसलोक र परलोकमा सफलता र खुसी मिल्छ।

नोटः हरेक मुस्लिम चाहे त्यो पुरुष होस् वा महिला सबैले अनिवार्य रूपमा जान्नै पर्ने महत्त्वपूर्ण कुराहरू हुन्- नमाजको समय, नमाजलाई ख्याल गर्नु, सुरक्षा गर्नु, समयमै नमाज पढ्नु र नियमित रूपमा पढ्नु। समयमा नमाज पढ्नु महान् कार्य हो। जसले बिना कुनै कारण नमाज छोड्यो र नमाजको समय पनि समाप्त भयो, त उसले ठूलो पाप गर्यो। किनभने नमाज छोड्नु ठूला पापहरू मध्येको एक हो।



# 6

अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो: "अल्लाहको दृष्टिमा बलियो मोमिन (आस्थावान्) कमजोर मोमिन भन्दा उत्तम र प्रिय हुन्छ, अनि भलाइ त दुबैमा नै हुन्छ।" (मुस्लिमः २६६४)

## व्याख्या:

अल्लाहको रसूल ﷺ ले यो छोटो हदीसमा हामीलाई हरेक मामिलामा बलियो हुने प्रेरणा दिनुभएको छ। जस्तै- अल्लाह प्रतिको विश्वासमा, उहाँ प्रतिको भरोसामा, उहाँको आदेश र नियमहरूको पालनामा, अकीदाको दृढतामा, इस्लाम धर्मको ज्ञान प्राप्तिमा, शारीरिक र आर्थिक शक्तिमा अनि सबै भलाइका कामहरूमा। यी सबै कुराहरूले हामीलाई सांसारिक र पारलौकिक मामिलामा फाइदा पुर्याउँछन्।

अल्लाहलाई बलियो मोमिन कमजोर मोमिन भन्दा धेरै मनपर्छ। यो वरदान प्रेरणा र प्रोत्साहनको लागि पर्याप्त छ। बलियो मोमिनको खुलासा गर्दै शेख मुहम्मद

बिन् सालेह उसैमिन रहिमहुल्लाहले अल्लाहको भनाइः

﴿إِنَّا كُلَّ شَيْءٍ خَلَقْنَاهُ بِقَدَرٍ﴾

अर्थः "निश्चय नै हामीले हरेक कुरालाई निर्धारित नाप र अनुमानमा सृष्टि गरेका छौं।"

को व्याख्यामा लेख्नुभएको छः ईमानमा बलियो, इरादा तथा सङ्कल्पमा बलियो र गतिविधिमा बलियो मोमिन अल्लाहलाई मनपर्छ। (शेख मुहम्मद बिन् सालेह बिन् उसैमिनको दार अश्शरिया लिल्-नश्र सूरह हुजरातदेखि सूरह हदीदसम्म हेर्न सक्नुहुन्छ।)

त्यसैले ईमानवाला पुरुष र महिलाले अल्लाह प्रतिको आफ्नो ईमानलाई बलियो बनाउन आफ्नो क्षमता अनुसार ईमानलाई बढाउने हरेक किसिमका कोसिस र तौर तरिका अपनाउनु पर्दछ। अनि अल्लाहको निकटता हासिल गर्नको लागि भलाइ तथा पुण्यका कार्यहरूमा अगाडी बढ्ने दृढ सङ्कल्प गर्नुपर्छ। जीवनका समस्या र कठिनाइहरूको सामना गर्न आफ्नो व्यक्तित्वलाई बलियो बनाउनुपर्छ र ज्ञान प्राप्त गरेर आफ्नो ज्ञानको स्तरलाई पनि बलियो बनाउनुपर्छ।

नबी ﷺ को भनाइः "अनि दुबैमा भलाइ हुन्छ" मा एउटा महत्त्वपूर्ण इसारा छ। मोमिन कमजोर होस् वा बलियो राम्रो नै हुन्छ; किनभने ईमान एउटा महान् चीज हो र सबैभन्दा ठूलो भलाइ पनि हो, जो भलाइ प्राप्तिको लागि पर्याप्त छ। तर बलियो मोमिनलाई कमजोर मोमिनको तुलनामा अतिरिक्त लाभद्वारा फरक गरिएको छ, ऊ अल्लाहको नजरमा अधिक भलाइमा हुन्छ र अधिक प्रिय पनि हुन्छ।

# 7

उस्मान इब्ने अफ्फान रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो: "जो मानिसले (नमाजको लागि) राम्रोसँग वजू गर्छ, त्यसपछि नमाजको लागि (मस्जिद) जान्छ, अनि जमातको साथ नमाज पढ्छ त अल्लाह तआलाले त्यसका पापहरू क्षमा गर्नुहुन्छ।" (मुस्लिमः २२३)

## व्याख्याः

यस हदीसमा नबी ﷺ ले हामीलाई एउटा यस्तो उत्तम कामको बारेमा जानकारी दिनुभएको छ, जुन काम गरेमा अल्लाहले उत्तम प्रतिफल प्रदान गर्नुहुन्छ र हाम्रा पापहरू क्षमा गर्नुहुन्छ।

त्यो उत्तम कार्य नमाज हो, मुस्लिमले त्यसलाई दैनिक तीन कामहरूको साथ अल्लाह तआलाको प्रसन्नता तथा निकटता प्राप्त गर्नको लागि गर्दछ।

(१) **पहिलो-** पूर्ण रूपमा राम्रोसँग वजू गर्नु। पूर्ण रूपमा वजू गर्नुको तात्पर्य वजूमा धुनुपर्ने सबै अङ्गहरू राम्रोसँग भिज्ने गरी कहीँ कतै सुक्खा नरहने गरी धोइएको हुनुपर्छ।

(२) **दोस्रो-** फर्ज (अनिवार्य) नमाज अदा गर्नको लागि घरबाट निस्केर मस्जिदमा जानु।

(३) **तेस्रो-** फर्ज नमाजलाई मुस्लिमसँग जमातको साथ अदा गर्नु।

यसबाट हदीसबाट के थाहा हुन्छ भने जो व्यक्तिले यी तीनवटा कामहरू- राम्रोसँग वजू गर्छ, त्यसपछि मस्जिदमा जान्छ, अनि मुस्लिमसँग जमातको साथ नमाज पढ्छ, उसलाई यो उत्तम बदला मिल्नेछ, अर्थात अल्लाहले उसका पापहरू क्षमा गर्नुहुनेछ। जसका पापहरू अल्लाहले क्षमा गर्नुहुन्छ, ऊ यसलोक र परलोकमा सफलता पाउने भाग्यशाली व्यक्तिहरू मध्यको हुनेछ।



# 8

अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो: "जुन व्यक्तिले जानी-जानी मेरो बारेमा झूटो बोल्यो, उसले आफ्नो ठेगाना जहन्नम (नर्क) मा बनायो।" (बुखारी: ११०, मुस्लिम: ३)

## व्याख्या:

जुनसुकै अवस्थामा पनि झूट बोल्नु गलत र पाप हो। अझ नबी ﷺ का हदीसहरूको सम्बन्धमा झूट बोल्नु त महापाप हो। त्यसैले यदि कुनै व्यक्तिले आफ्नो तर्फबाट कुनै कुरा भन्छ अथवा मनगढन्ते कुरा गर्छ अनि यो नबी ﷺ को भनाइ हो भन्छ भने उसले पापहरूमा पनि महापाप गर्छ। अनि कसैले नबी ﷺ को भनाइ (हदीस) को रूपमा कुनै झूटो कुरा गर्यो वा यो नबी ﷺ ले भन्नुभएको हो भन्यो भने उसले उहाँमाथि अत्याचार गर्यो र अपमान गर्यो।

बडो अपसोचको कुरा यो छ कि नबी ﷺ प्रति सम्बोधित गरेर मनगढन्त तयार गरिएका झूटा हदीसहरू जताततै पाइन्छन्। अझ अपसोचको कुरा केही राम्रा र भला व्यक्तिहरूले पनि पुण्य तथा सवाबको नियतले तिनै झूटा हदीसहरूलाई बयान गर्ने र सेयर गर्ने गर्छन्। जब कि यो अत्यन्तै नराम्रो काम हो। त्यसैले यस्तो काम नगर्न सचेत तथा सावधान गर्नु हामी सबैको कर्तव्य हो।

अल्लाहको रसूल ﷺ ले यो पनि भन्नुभएको छः

«إِنَّ كَذِبًا عَلَيَّ لَيْسَ كَكَذِبٍ عَلَى أَحَدٍ مَنْ كَذَبَ عَلَيَّ مُتَعَمِّدًا فَلْيَتَبَوَّأْ مَقْعَدَهُ مِنَ النَّارِ». (رواه البخاري)

अर्थः "मेरो बारेमा झूट बोल्नु तिमीहरूमध्ये कसैको बारेमा झूट बोलेको जस्तो होइन; जो व्यक्तिले मेरो बारेमा जानी-जानी झूट बोल्यो, उसले आफ्नो ठेगाना (वासस्थान) नर्कमा बनायो ।" (बुखारीः १२९१, मुस्लिमः ४)

अर्को ठाउँमा भन्नुभएको छः

« مَنْ حَدَّثَ عَنِّي حَدِيثًا وَهُوَ يَرَى أَنَّهُ كَذِبٌ فَهُوَ أَحَدُ الْكَاذِبِينَ». (رواه الترمذي)

अर्थः "जसले म प्रति सम्बोधित गरेर कुनै कुरा बयान गर्यो र उसलाई त्यो कुरा झूटो हो भन्ने थाहा पनि छ, त त्यो झूटा व्यक्तिहरू मध्यको एक हो ।" (तिर्मिजीः २६६२ हसन)

कुनै हदीसलाई नबी ﷺ प्रति सम्बोधित गर्नु भन्दा पहिले त्यसको वास्तविकताको बारेमा जानकारी हुनु आवश्यक छ। अल्लाहको कृपाले आजकल विभिन्न विश्वसनीय किताबहरू र वेबसाइटको माध्यमले हदीसहरूलाई चेक गर्न र तिनिहरूको वास्तविकता जान्न हामीहरूको लागि धेरै सजिलो भएको छ।

शेख अल्बानी रहिमहुल्लाहका किताबहरू यस विषयमा धेरै प्रसिद्ध विश्वसनीय पनि छन्। त्यसैगरी विश्वसनीय वेबसाइटहरूमा- alssunnah.com, र dorar.net प्रसिद्ध छन्।

# 9

अब्दुल्लाह इब्ने मसऊद रजियल्लाहु अन्हुले वर्णन गर्नुभएको छ, "अल्लाहको रसूल ﷺ ले भन्नुभयोः जसको मनमा कण बराबर पनि तकब्बुर (घमन्ड) हुन्छ, त्यो व्यक्ति जन्नत (स्वर्ग) मा जान पाउने छैन।"

(मुस्लिमः ९१, १४७)

## व्याख्याः

इस्लाम धर्म उत्तम आचरण, नैतिकता र राम्रो विशेषता युक्त धर्म तथा जीवन व्यवस्था हो। त्यसैले इस्लामले दया, नम्रता र उदारताले सुसज्जित व्यवहारको आज्ञा दिन्छ, अनि अहङ्कार तथा घमन्डलाई मनाही गरेको छ।

यस हदीसमा नबी ﷺ ले अरूलाई तुच्छ ठान्ने र आफूलाई ठूलो सम्झने, म जस्तो कोही छैन भन्ने, जस्ता अहङ्कारले भरिएको व्यवहार गर्न मनाही गर्नुभएको छ। किनभने अहङ्कार गर्ने मानिसहरू जन्नतमा जान पाउने छैनन्। हामी अल्लाहसँग शान्ति र भलाइको कामना गर्छौं।

घमन्ड अथवा अहङ्कार एउटा नराम्रो आचरण हो, चाहे घमन्ड धेरै होस् वा थोरै, यहाँसम्म कि सानो कण बराबर घमन्डको पनि परिणाम नराम्रो नै हुन्छ। नबी ﷺ ले हामीलाई घमन्डको अर्थ के हो, अथवा कस्तो आचरणलाई घमन्ड भनिन्छ

भन्ने कुरा पनि स्पष्ट पार्नुभएको छ, भन्नुभएको छः

«الكِبْرُ بَطَرُ الحقِّ وغَمْطُ الناس» (رواه مسلمٌ)

अर्थः "घमन्ड भनेको सत्यतालाई स्वीकार नगर्नु र मानिसहरूलाई तुच्छ सम्झनु हो। (मुस्लिमः ९१)

घमन्ड गर्नु हराम र निन्दनीय काम हो भन्ने कुरा नबी ﷺ को यस हदीसबाट अझ स्पष्ट हुन्छ-

जो मानिसले आफूलाई ठूलो जताउँछ र अहङ्कारी चाल चल्छ, त्यो व्यक्ति जब अल्लाहको सामु जानेछ तब अल्लाह ऊ सँग रिसाउनु हुनेछ। (अदबुल्-मुफरदः ५४९, मुस्नद अहमदः ५/२००, हाकिमः १/१२८, सिलसिलतु सहीह अल्बानीः ५४३)

यसबाट हामीले थाहा पायौं तकब्बुर (घमन्ड) ठूलो पाप र नराम्रो आचरण हो, त्यसैले हामी घमन्ड गर्नबाट बचौं र त्यस्ता राम्रा कर्महरू गरौं जसले हामीलाई घमन्डबाट टाढा राख्छ। जस्तै- कसैको सदुपदेशलाई स्वीकार गर्नु, सत्यतालाई स्वीकार गर्नु, फकिर, गरिब र नोकरहरूलाई माया गर्नु, उनीहरूसँग नम्र व्यवहार गर्नु, उनीहरूको समस्यालाई ध्यान दिनु, आदि। किनभने यस्ता व्यवहारले हृदयलाई नरम र पवित्र बनाउँछ अनि घमन्ड, रिस, राग, डाह र म नै सबैभन्दा ठूलो भन्ने अहङ्कारबाट मुक्त गर्छ।

# 10

उस्मान इब्ने अफ्फान रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "तिमीहरू मध्ये सबैभन्दा उत्तम व्यक्ति त्यो हो जसले स्वयम् कुर्आन सिक्छ र अरूलाई पनि सिकाउँछ।" (बुखारीः ५०२७)

## व्याख्याः

यस हदीसले कुर्आन सिक्नु र सिकाउनुको कति धेरै महत्त्व छ भन्ने कुरा दर्शाएको छ। यस हदीसको माध्यमद्वारा अल्लाहको रसूल ﷺ ले कुर्आन सिक्ने र सिकाउने व्यक्ति मानिसहरूमा सबैभन्दा राम्रो व्यक्ति हो भन्ने कुराको हामीलाई जानकारी दिनुभएको छ।

उस्मान इब्ने अफ्फान रजियल्लाहु अन्हुद्वारा सुनेर यो हदीस बयान गर्ने वरिष्ठ एवम् प्रसिद्ध ताबई अबू अब्दुर्रहमान अस्सुलैमी रहिमहुल्लाहले यो हदीस बयान गर्दै भन्नुभयोः "यही हदीसले नै मलाई  यो ठाउँमा बसाली रहेको छ।" (बुखारीः ५०२७ को टिप्पणी, इब्ने हिब्बानः १/३२५)

उहाँले दशौं वर्षदेखि त्यहाँ बसेर कुर्आन पढाइरहनु भएको थियो, ताकि यस हदीसमा बयान गरिएको श्रेष्ठता र भलाइ पाउन सकियोस्।

त्यसैले प्रत्येक मुस्लिम पुरुष तथा महिलाले कुर्आनलाई पढ्नु, सिक्नु अनि त्यसमा महारथी बन्ने कोसिस गर्नुपर्छ र अरूलाई पनि सिकाउने चाहना आफूमा जागृत गराउनुपर्छ। कुर्आन सिक्ने उद्देश्यले मदरसा, मस्जिदमा कुर्आन तालिमको लागि कायम हुने सभा (हलका) मा सहभागी हुनु सबैभन्दा फाइदा जनक कार्य हो। जो व्यक्तिले कुर्आन सिक्नको लागि मदरसा र हलकाहरूमा गएर पढ्छ, ऊ हिदायत, भलाइ र ज्योतिर्मय मार्गमा हुन्छ।



# 11

अबू हुरैरा रजियल्लाहु अन्हुद्वारा वर्णन गरिएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "दुई कलिमा (वाक्यहरू) यस्ता छन्, जो मुखले बोल्नमा हल्का छन्, तराजुमा भारी छन्, रहमान (अल्लाह) को निकट अत्यन्तै प्यारा छन्; ती हुन्- सुब्हानल्लाहि वबिहम्दिहि, सुब्हानल्लाहिल्-अजीम ।" (बुखारीः ६६८२, मुस्लिमः २६९४)

## व्याख्याः

नबी ﷺ ले हामीलाई धेरै भन्दा धेरै अज्कार (स्तुतिहरू) गर्न प्रोत्साहित गर्नुभएको छ र यसको महत्त्व तथा श्रेष्ठताको बारेमा जानकारी गराउँदै बिहान, बेलुका, सुत्दा, जाग्दा सबै अवस्थामा गर्ने जिक्र तथा स्तुतिहरू सिकाउनु भएको छ । उपरोक्त जिक्र र यस्तै किसिमका अन्य धेरै स्तुतिहरू, अज्कार तथा स्तुतिका किताबहरूमा पाउन सकिन्छ । जस्तै- इमाम नववीको किताबुल्-अज्कार, शेख इब्ने बाजको तोहफतुल्-अज्कार, शेख कहतानीको हिस्नुल्-मुस्लिम आदि लगायत अरू पनि कैयौँ अज्कारका किताबहरू छन् ।

केही अज्कार आम अथवा सदाबहार छन्, जसलाई जुनसुकै समयमा र जतिसुकै सङ्ख्यामा बिना रोकतोक पढ्न सकिन्छ र पढ्नु उतम पनि हो । तिनै सदाबहार अज्कार मध्ये यी हुन्-

सुब्हानल्लाह, अल्हम्दुलिल्लाह, ला इलाह इल्लल्लाह, अल्लाहु अक्बर र ला हौलवला कुव्वत इल्ला बिल्लाह । (अर्थः अल्लाह पवित्र हुनुहुन्छ, हरेक किसिमका प्रशंसाहरू अल्लाह कै लागि छन्, अल्लाह बाहेक कोही सत्य उपास्य छैन, अल्लाह सबैभन्दा महान् हुनुहुन्छ, अल्लाह बाहेक कसैले हृदयलाई फेर्न सक्दैन ।)

तिनै सदाबहार अज्कार मध्येका यी महान् कलिमा पनि हुन्- “सुब्हानल्लाहि वबिहम्दिहि, सुब्हानल्लाहिल्-अजीम ।” (अर्थः म अल्लाहको प्रशंसाको साथ उहाँको पवित्रता बयान गर्छु र अल्लाहको प्रशंसाको साथ उहाँको महानता बयान गर्छु ।) नबी ﷺ ले बताउनु भएका यी कलिमाहरू तीन विशेषताहरूको कारणले अति उत्तम छन्-

(१) यी दुई कलिमा बोल्न अथवा पढ्नमा हल्का छन्, त्यसैले मानिसले बिना कुनै मेहनत सजिलैसँग यी कलिमालाई बारम्बार पढ्न सक्छ ।

(२) यी दुई कलिमा पुण्यको तराजुमा धेरै वजनदार छन् । त्यसैले जो व्यक्तिले यी दुई कलिमालाई पढ्छ, उसको लागि यति धेरै पुण्य छ कि यसको माध्यमले अल्लाह तआलाले त्यस व्यक्तिको पुण्यले तराजुलाई भरिदिनु हुनेछ ।

(३) यी दुई कलिमा रहमान (अल्लाह) को समक्ष अति प्यारा छन्, अल्लाहले पनि यी कलिमालाई धेरै मन पराउनु हुन्छ । यसबाट यी दुई कलिमा धेरै महत्त्वपूर्ण र श्रेष्ठ छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

त्यसैले यी विशेषता र श्रेष्ठताको कारण हामीले यी दुई कलिमा र यस्तै किसिमका अन्य कलिमालाई नियमित पढ्ने गर्नुपर्छ । हामीले यसको लागि हर सम्भव कोसिस पनि गर्नुपर्छ ताकि दयावान् तथा कृपावान् अल्लाहको तर्फबाट धेरै पुण्य मिलोस् ।

# 12

अबू हुरैरा रजियल्लाहु अन्हुले वर्णन गर्नुभएको छः मेरो खलील (प्रिय मित्र) ﷺ ले मलाई तीन कुराको उपदेश दिनुभएको छ। प्रत्येक महिना तीन दिन रोजा (व्रत) बस्ने, चाश्तको दुई रकअत नमाज पढ्ने, सुत्नुभन्दा पहिले वित्रको नमाज पढ्ने। (बुखारीः १९८१, मुस्लिमः ७२१)

## व्याख्याः

अबू हुरैरह रजियल्लाहु अन्हु वरिष्ठ तथा अल्लाहको रसूल ﷺ को निकटस्थ सहाबी (साथी) हुनुहुन्थ्यो। उहाँले रसूल ﷺ को उपदेशबारे हामीलाई जानकारी गराउँदै बयान गर्नुभएको छ: मेरो "खलील" ले मलाई उपदेश दिनुभएको छ। हदीसमा बयान गरिएको शब्द "खलील" हबीब जस्तै हो, तर खलील शब्दले अत्याधिक माया भएको जताउँछ। त्यसैले खलील शब्द हबीब भन्दा विस्तृत तथा बलियो मानिन्छ। खलील साथीलाई पनि भानिन्छ, त्यस्तो साथी जसको अति धेरै माया लाग्छ। उहाँले भन्नुभएको छ: मेरो साथी (खलील) ले मलाई तीन कुराको उपदेश दिनुभएको छ।

**पहिलो उपदेशः** प्रत्येक महिना तीन दिन रोजा राख्ने- अरबी तारिख अनुसार प्रत्येक महिना तीन दिन रोजा राख्नु महान् सुन्नत र लाभदायक काम हो। किनभने नबी ﷺ ले भन्नुभएको छः प्रत्येक महिना तीन दिन रोजा राख्नाले पूरा वर्ष रोजा

राखेको पुण्य मिल्छ। (बुखारीः १९७५, मुस्लिमः ११५९)

यो अल्लाहको तर्फबाट आफ्ना भक्तहरूका लागि कृपा हो। यो नफिल रोजा हो, यस रोजालाई मानिसले महिनामा तीन दिन राख्नुपर्छ, चाहे तीन दिन लगातार होस् वा अलग-अलग दिनहरूमा होस्।

**दोस्रो उपदेशः** चाश्तको नमाज पढ्ने- चाश्तको नमाजलाई जोहाको नमाज पनि भनिन्छ। यो नमाज दुई रकअत वा त्योभन्दा धेरै पनि पढ्न सकिन्छ। यसलाई सूर्योदयको लगभग १५ मिनट पछिको समयदेखि जोहरको समय सुरु हुनुभन्दा १५ मिनट पहिलेसम्म पढ्न सकिन्छ। त्यसैले मुस्लिमले चाश्तको नमाज दुई वा दुईभन्दा बढी रकअत सहजता अनुसार पढ्नु उत्तम हो; किनभने यसका धेरै श्रेष्ठता र फाइदाहरू र छन्।

**तेस्रो उपदेशः** वित्रको नमाज पढ्ने- वित्र नफिल नमाजहरू मध्येको उत्तम नमाज हो। यसको समय इशाको नमाज पढिसकेपछि सुरु हुन्छ र फज्रको अजानसम्म रहन्छ। यस नमाजलाई मुस्लिमले अल्लाहको लागि एक, तीन, पाँच, सात वा नौ रकअत नफिल नमाजको रूपमा पढ्नु उत्तम हो। वित्रको अर्थ बिजोर हुन्छ, त्यसैले यो नमाज बिजोर सङ्ख्यामा पढिन्छ।

यो उपदेश नबी ﷺ को तर्फबाट आफ्नो साथी अबू हुरैरह रजियल्लाहु अन्हुको लागि थियो। त्यसैले यही उपदेश हाम्रो प्यारो नबीको तर्फबाट हामी सबै मुस्लिमहरूको लागि पनि हो।

# 13

अबू हुरैरा रजियल्लाहु अन्हुले वर्णन गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः “भक्त सज्दाको अवस्थामा अल्लाहको सबैभन्दा नजिक हुन्छ, त्यसैले (सज्दामा) धेरै भन्दा धेरै दुआ गर्ने गर।” (मुस्लिमः ४८२)

## व्याख्याः

अल्लाह तआलाले भक्तहरूलाई विभिन्न किसिमका सत्कर्म र आज्ञापालनको माध्यमले आफ्नो निकटता हासिल गर्ने आदेश दिनुभएको छ। अल्लाहको नजिक गर्ने सत्कर्महरू मध्ये फर्ज र सुन्नत नमाजलाई समयमै अदा गर्नु सबैभन्दा राम्रो कार्य हो। जब कुनै मुस्लिम नमाजमा प्रवेश गर्छ त ऊ अल्लाहसँग नजिक रहेर प्रत्यक्ष कुरा गर्न थाल्छ। पुरै नमाजमा भक्त अल्लाहको नजिक नै हुन्छ, तर सज्दाको अवस्थामा ऊ अल्लाहको अझ धेरै नजिक हुनजान्छ। किनभने सज्दामा भक्तले आफूलाई अल्लाह समक्ष समर्पण गर्दै, शिर झुकाउँदै उहाँको महिमा र पवित्रताको बयान गर्छ, अनि विवशता, कमजोरी र आवश्यकता देखाउँदै उहाँलाई पुकार्छ।


त्यसैले सज्दा पक्कै पनि दुआ स्वीकार हुने अवस्थाहरू मध्येको हो। यसै सम्बन्धमा सही मुस्लिमको अर्को हदीसमा नबी ﷺ को भनाइ छः

«وأَمَّا السُّجودُ فَاجْتَهِدُوا في الدُّعاءِ فَقَمِنٌ أن يُستجابَ لكم»

अर्थः "सज्दाको अवस्थामा खुब दुआ गर, किनभने यसमा तिमीहरूको दुआ स्वीकार हुने अधिक सम्भावना हुन्छ।" (मुस्लिमः ४७९)

यस हदीसमा आएको शब्द 'कमिनुन्' को अर्थ 'मुनासिब' हो, भनाइको तात्पर्य यो दुआ गर्ने उचित अवसर हो र दुआ स्वीकार हुने धेरै सम्भावना हुन्छ।

त्यसैले भक्तले धेरै बेरसम्म (लामो) सज्दा गर्नु उत्तम हो। सज्दाको हालतमा धेरैभन्दा धेरै दुआ गर्ने गर्नुपर्छ, किनभने सज्दा र दुआ सांसारिक र पारलौकिक भलाइ र सफलताका ठूला माध्यमहरू हुन्।



# 14

साबित इब्ने दह्हाक रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "मोमिनलाई लानत गर्नु (श्राप दिनु), त्यसको हत्या गरे समान हो।" (बुखारीः ६१०५, मुस्लिमः ११०)

## व्याख्याः

लानत गर्नु (श्राप दिनु) ठूलो पाप र नराम्रो कार्य हो। प्यारो नबी ﷺ ले हामीलाई लानतान गर्न, धिक्कार गर्न वा श्राप दिनबाट सावधान गर्दै विभिन्न अवसरहरूमा यस्तो कार्य गर्न मनाही गर्नुभएको छ। तिनै मनाही गरिएका हदीसहरू मध्येको एउटा हदीस यो पनि होः "मोमिनलाई लानत गर्नु (श्राप दिनु) त्यसको हत्या गरे समान हो।"

त्यसैगरी नबी ﷺ ले यो पनि भन्नुभएको छः

«لا تَلاعَنُوا بِلعنةِ اللهِ، ولا بِغَضَبِهِ». رواه أبو داود، والترمذي

तिमीहरूले अल्लाहको लानत होस् वा अल्लाहको यातना होस् भनेर कसैलाई लानत (श्राप) नगर। (अबू दाउदः ४९०६, तिर्मिजीः १९७६, हाकिमः १/१११ हसन सहीह अल्बानी)

अनि अर्को हदीसमा भन्नुभएको छः

«مَن لعَنَ شيئًا ليس له بأهلٍ رجعت اللعنةُ عليه»

जब कुनै व्यक्तिले बिना कारण कसैलाई श्राप दिन्छ त यस्तो अवस्थामा त्यो श्राप स्वयम् श्राप दिने व्यक्तिमाथि वापस फर्किन्छ । (अबु दाउदः हसन, ४९०८, तिर्मिजीः १९७८, इब्ने हिब्बानः ५७४५)

भनाइको तात्पर्य यदि कुनै व्यक्तिले बिना कारण श्राप दिन्छ, श्रापित व्यक्ति गलत छैन, त्यो श्रापको लायक छैन भने श्राप दिने अथवा लानत गर्ने व्यक्तिमाथि नै त्यो श्राप वापस आउँछ ।

त्यसैगरी तबरानी रहिमहुल्लाहले उत्तम सनदको साथ सलमा बिन् अकवाअ रजियल्लाहु अन्हुको माध्यमद्वारा बयान गर्नुभएको छः "जब हामीले कुनै व्यक्तिलाई आफ्नो भाइलाई लानत गर्दै गरेको (श्राप दिंदै गरेको) देख्थ्यौं त हामीले त्यसलाई ठूलो पाप गर्ने व्यक्ति ठान्थ्यौं ।" (अल्-मुअज्जम अल्-वस्तः ६६०४, ६/३८०)

शेख इब्ने बाज रहिमहुल्लाहले भन्नुभएको छः "मुस्लिम व्यक्तिलाई लानत गर्नु ठूला पापहरू मध्येको एउटा पाप हो ।" (शेख इब्ने बाजको मजमुअ फतावा व मकालातः ७/१४८)

दुख लाग्दो कुरा के छ भने धेरैजसो मुस्लिमहरूमा आपसमा लानत गर्ने, श्राप दिने अथवा बददुआ गर्ने कुरा साधारण जस्तो भएको छ, यस्तो गर्न अप्ठ्यारो नै मान्दैनन् । अल्लाहले हामी सबैलाई यस्तो खराब कार्यबाट बचाउन् ।

हामीले कसैलाई श्राप दिने, लानतान गर्ने, अनावश्यक रूपमा बददुआ दिने जस्ता कामहरूबाट बच्न एकदमै जरुरी छ । यस्तो नराम्रो कामबाट हामीहरू स्वयम् पनि बच्नुपर्छ र अरूलाई पनि यस्तो गर्न बाट रोक्नुपर्छ ।

# 15

अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः अल्लाहले भन्नुहुन्छ- "ए आदमको सन्तान तैले खर्च गर, मैले तँ माथि खर्च गर्नेछु।" (बुखारीः ४६८४, मुस्लिमः ९९३)

## व्याख्याः

अल्लाह तआलाले आफ्नो किताब कुर्आनमा मोमिन भक्तहरूको प्रशंसा गर्दै चर्चा गरेका गुणहरू मध्येको एउटा गुण हो- अल्लाहको मार्गमा धनमाल खर्च गर्नु। यसै सम्बन्धमा अल्लाहले भन्नुभएको छः

﴿الم ۝١ ذَٰلِكَ الْكِتَابُ لَا رَيْبَ ۛ فِيهِ ۛ هُدًى لِّلْمُتَّقِينَ ۝٢ الَّذِينَ يُؤْمِنُونَ بِالْغَيْبِ وَيُقِيمُونَ الصَّلَاةَ وَمِمَّا رَزَقْنَاهُمْ يُنفِقُونَ ۝٣﴾

अर्थः "अलिफ्-लाम्-मीम्। यो किताब अल्लाहको ग्रन्थ हो भन्ने कुरामा कुनै सन्देह छैन, यो अल्लाहसँग डर मान्ने (परहेजगार) हरूको लागि मार्गदर्शन हो। जो गैब (परोक्ष) मा ईमान राख्छन् र सही तरिकाले नमाज अदा गर्छन्, अनि हामीले प्रदान गरेकोबाट खर्च गर्छन्।" (सूरतुल्-बकरहः २/ १-३)

अल्लाहको मार्गमा खर्च विभिन्न क्षेत्रमा गर्न सकिन्छ, जस्तैः आफ्ना सन्तानहरू र पत्नीका आवश्यकताहरू पुरा गर्न खर्च गर्नु, गरिब र भिखारीहरूलाई दान

दिनु, भलाइका विभिन्न कामहरूमा खर्च गर्नु, पवित्र ग्रन्थ कुर्आनलाई छपाएर मानिसहरूमा वितरण गर्नु, अन्य लाभदायक किताबहरू छपाएर बाँड्नु, रोगीहरूलाई उपचारमा सहयोग गर्नु, यस्तै अन्य सत्कर्महरूमा खर्च गर्नु, आदि ।

यस हदीसमा भलाइको बाटोमा आफ्नो धन-सम्पत्ति खर्च गर्ने व्यक्तिहरूसँग अल्लाहले वादा गर्दै भन्नुभएको छः उहाँले पनि उनीहरूको लागि खर्च गर्नुहुनेछ, आफ्नो दया र कृपाद्वारा उनीहरूलाई राम्रो प्रतिफल प्रदान गर्नुहुनेछ, उनीहरूको जीविका बढाएर अझ राम्रो बदला दिनुहुनेछ । यसै सम्बन्धमा अल्लाह तआलाले भन्नुभएको छः

﴿ قُلْ إِنَّ رَبِّي يَبْسُطُ ٱلرِّزْقَ لِمَن يَشَآءُ مِنْ عِبَادِهِۦ وَيَقْدِرُ لَهُۥٓ ۚ وَمَآ أَنفَقْتُم مِّن شَىْءٍ فَهُوَ يُخْلِفُهُۥ ۖ وَهُوَ خَيْرُ ٱلرَّٰزِقِينَ ﴿٣٩﴾ ﴾

अर्थः "भनिदेऊ, ''मेरो पालनकर्ता (अल्लाह) ले आफ्ना भक्तहरूमध्ये जसको लागि चाहनुहुन्छ, जीविका खुला गर्नुहुन्छ र जसको लागि चाहनुहुन्छ, जीविका सङ्कुचित गर्नुहुन्छ । जे-जति तिमीले अल्लाहको मार्गमा खर्च गर्यौं, त्यसको बदलामा तिमीलाई पुरा-पुरा प्रतिफल दिनुहुनेछ । तथा उहाँ सबैभन्दा उत्तम अन्नदाता हुनुहुन्छ ।" (सूरतु सबाः ३४/ ३९)

जसले आफ्नो परिवार, खानदान, सन्तान, बुवा-आमा, गरिब र आवश्यकतामा परेका व्यक्तिहरूलाई सहयोग गर्छ, उनीहरूको लागि आफ्नो धनसम्पत्ति खर्च गर्छ वा विभिन्न भलाइका कामहरूमा खर्च गर्छ, त अल्लाहले उसलाई ठूलो पुण्य र राम्रो प्रतिफल दिनुहुन्छ । अनि जो चीज उसले खर्च गरेको छ, त्यसको बदलामा अझ धेरै जीविका प्रदान गर्नुहुन्छ । यो अल्लाहको तर्फबाट आफ्ना भक्तहरूको लागि कृपा हो, उहाँले जसलाई चाहनुहुन्छ दिनुहुन्छ । उहाँ अत्यन्त कृपालु हुनुहुन्छ ।

# 16

अबू हुरैरा रजियल्लाहु अन्हुले वर्णन गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "यदि मुस्लिमलाई कुनै पनि किसिमको थकावट, रोग-व्याधि, चिन्ता, शोक, हानी वा पीडाले सताउँछ, वा काँडा पनि बिझ्छ (अनि यसमा उसले धैर्य गर्छ) भने अल्लाहले त्यसको माध्यमले उसका पापहरू क्षमा गर्नुहुन्छ।" (बुखारीः ५६४१, मुस्लिमः २५७३)

## व्याख्याः

यस संसारमा मानिसलाई धेरै कठिनाइहरू, थकावट, चिन्ता, शोक लगायत विभिन्न किसिमका अप्ठ्यारा परिस्थितिहरू आउँछन्। यस हदीसमा नबी ﷺ ले हामीलाई एउटा महत्त्वपूर्ण कुरा बताउनु भएको छ, जुन कुरालाई हामीले सधैँ याद गर्नुपर्छ। किनभने यो त्यस्तो कुरा हो जसबाट हाम्रो हृदयलाई शीतलता र शान्ति मिल्छ।

मानिसलाई जस्तो सुकै पनि थकावट, चिन्ता, रोग-व्याधि, लगायतका कठिनाइहरू आउँछन्, अल्लाह तआलाले ती कठिनाइहरूद्वारा उसका पापहरूलाई पखाली दिनुहुन्छ, उसलाई क्षमा गर्नुहुन्छ, यी कठिनाइहरू उसको पापका प्रायश्चितका कारक बन्छन् र ऊ पापहरूबाट मुक्त हुन्छ, अनि आफ्नो पालनकर्ताको नजिक हुनजान्छ। नबी ﷺ को भनाइको यो वाक्यः "यहाँसम्म कि यदि उसलाई काँडा बिझ्छ भने पनि" बाट यो प्रमाणित हुन्छ कि कुनै सानो भन्दा सानो कष्ट हुन्छ भने पनि त्यो उसको लागि पापहरू क्षमायाचनाको कारक बन्छ।

जब मानिसलाई यो कुरा थाहा हुन्छ, त ऊ अल्लाहको कृपालाई याद गरेर खुसी हुनुपर्छ, अनि यस कुरालाई पनि ध्यानमा राख्नुपर्छ कि उसले जस्तो सुकै परिस्थितिमा पनि धैर्य गरोस् र अल्लाहप्रति कृतज्ञ बन्दै, उहाँलाई धन्यवाद ज्ञापन गर्दै, खुसी प्रकट गर्नुपर्छ। किनभने जो व्यक्ति अल्लाहको अनुग्रह तथा कृपाबाट प्रसन्न हुन्छ, अल्लाह पनि ऊ सँग प्रसन्न हुनुहुन्छ, अनि उसलाई अधिक प्रसन्नता र सम्मान प्रदान गर्नुहुन्छ।



# 17

अबू हुरैरा रजियल्लाहु अन्हुले वर्णन गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "तिमीहरूले जबसम्म ईमान ल्याउँदैनौ, तबसम्म जन्नतमा जान सक्दैनौ; अनि तिमीहरू तबसम्म (पक्का) ईमानवाला हुन सक्दैनौ, जबसम्म एक आपसमा माया गर्न थाल्दैनौ। के म तिमीहरूलाई त्यस्तो कुरा न बताऊँ जब तिमीहरूले त्यो काम गर्न थाल्छौ त आपसमा माया गर्न थाल्नेछौ ? त्यो हो- तिमीहरू आपसमा सलाम फैलाऊ।" (मुस्लिमः ५४)

## व्याख्याः

यस हदीसमा हामीलाई एउटा महत्त्वपूर्ण कामतिर प्रेरित गरिएको छ; त्यो हो- हामीहरू आपसमा माया तथा प्रेम गर्नेवाले बनौं। नबी ﷺ ले हामीलाई बताउनु भएको छः हामीहरू जबसम्म ईमानवाला बन्दैनौ, तबसम्म जन्नतमा प्रवेश गर्न पाउने छैनौ; अनि पक्का ईमानवाला बन्नको लागि हामीहरू बीच एक आपसमा माया ममता तथा प्रेमको भावना हुनुपर्छ। आपसमा माया ममता बढाउने सजिलो तरिका हो एक आपसमा सलाम गर्नु अथवा शान्तिको कामना गर्नु। जब हामीले एक आपसमा सलाम गर्छौं तब हामीहरू बीच माया ममता र प्रेमको भावना उत्पन्न हुन्छ।

यस हदीसबाट हामीलाई यो पनि थाहा भयो कि सलाम मुस्लिमहरूको बीच माया, प्रेम र सद्भाव पैदा गर्ने माध्यम हो अनि आपसी मायाले ईमान बढ्छ अनि

ईमानको बढोत्तरी जन्नतमा लैजाने माध्यम हो ।

सलाम गर्ने उत्तम तरिका हो- ‘‘अस्सलामु अलैकुम वरहमतुल्लाहि वबरकातुह्’’। यसको अर्थ हुन्छ- तपाईमाथि अल्लाहको तर्फबाट शान्ति, दया र बरकत (कल्याण) होस् । अनि सलामको उत्तर दिने सबैभन्दा राम्रो तरिका हो- ‘‘व अलैकुमुस्-सलाम वरहमतुल्लाहि वबरकातुह्’’ अर्थः तपाईंमाथि पनि अल्लाहको तर्फबाट शान्ति दया र बरकत (कल्याण) होस् ।

सलाम गर्दा ‘‘अस्सलामु अलैकुम’’ वा ‘‘अस्सलामु अलैकुम वरहमतुल्लाह’’ मात्रै पनि भन्न सकिन्छ तर ‘‘अस्सलामु अलैकुम वरहमतुल्लाहि वबरकातुह्’’ भन्नु सबैभन्दा राम्रो र पूर्ण सलामको तरिका हो ।

त्यसैले मुस्लिमले सलाम फैलाउन अथवा मानिसहरूलाई सलाम गर्न सधैँ इच्छुक र उत्सुक हुनुपर्छ अनि सलामको लागि पहिले पहल गर्ने कोसिस गर्नुपर्छ । सानो होस् वा ठूलो कसैलाई पनि सलाम गर्न लजाउनु हुँदैन, किनभने सलाम गर्नु पुण्यको काम हो । यसले ईमानमा बढोत्तरी हुन्छ र जो जन्नतमा लैजाने माध्यम हो ।

## 18

अबू सईद खुदरी रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "कुनै पुरुषले अर्को पुरुषको गोप्य अङ्ग (यौनाङ्ग) नहेरोस् र कुनै महिलाले अर्की महिलाको गोप्य अङ्ग नहेरोस् ।" (मुस्लिमः ३३८)

### व्याख्याः

यस हदीसले एउटा महत्त्वपूर्ण विषयको बारेमा जानकारी गराएको छ, जसको बारेमा जानकारी हुनु र त्यसलाई व्यवहारमा लागू गर्नु हामीहरू सबैको लागि अनिवार्य छ । मानिस पुरुष वा महिला जोसुकै भएपनि उसको पासमा लुकाउनु पर्ने अङ्ग (गोप्य अङ्ग) हुन्छ, त्यसलाई उसले ढाक्नुपर्छ अथवा पर्दा गर्नुपर्छ । त्यसैगरी अर्को व्यक्तिले त्यस गोप्य अङ्गबाट आफ्नो दृष्टिलाई टाढा राख्नुपर्छ अथवा हेर्नुहुँदैन ।

हदीसमा बयान गरिएको आदेश एउटा पुरुषको अर्को पुरुषसँग र एउटी महिलाको अर्की महिलासँग सम्बन्धित छ । तर कुनै पुरुषले महिलाको र कुनै महिलाले पुरुषको यौनाङ्ग हेर्ने कुरा त झनै नराम्रो काम हो र हेर्न सख्त मनाही छ ।

जब हामीले यौनाङ्गको बारेमा इस्लामिक आदेशको बारेमा थाहा पायौं त हामीले आफ्नो यौनाङ्गकलाई ढाक्नु तथा अरूको दृष्टिबाट पर्दा गर्नु एकदमै अनिवार्य छ, ताकि मानिसहरूले त्यसलाई नदेखुन् । यौनाङ्गलाई पर्दा गर्ने अथवा

ढाक्ने सम्बन्धमा हामीले कहिल्यै पनि ढिला-सुस्ती गर्नुहुँदैन, चाहे त्यो देख्ने सम्बन्धमा होस् वा छुने सम्बन्धमा । यस विषयमा हामी सधैँ सावधान र सचेत रहनुपर्छ कि मजाकमा पनि कसैको गोप्य अङ्ग हेर्ने वा कसैलाई देखाउने गर्नुहुँदैन ।

# 19

सअब बिन् जस्सामा लैसी रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, उहाँले अल्लाहको रसूल ﷺ समक्ष एउटा जङ्गली गधा उपहार स्वरूप दिनुभयो । त्यस समय उहाँ ﷺ अबवा वा वदनान नामको स्थानमा हुनुहुन्थ्यो, उहाँले त्यस उपहारलाई फिर्ता गर्नुभयो। त्यसपछि उहाँ ﷺ ले (उपहार दिनेको) अनुहारमा दुखी भएको प्रभाव देख्नुभयो त भन्नुभयोः "हामी एहरामको हालतमा भएको कारण यसलाई फिर्ता गरेका हौं ।"

(बुखारीः १८२५, मुस्लिमः ११९३)

## व्याख्याः

सहाबा रजियल्लाहु अन्हुम रसूल ﷺ लाई उपहार अथवा कोसेली दिन मन पराउथे, रसूल ﷺ ले पनि कोसेली स्वीकार गर्नुहुन्थ्यो चाहे त्यो सानो चीज नै किन नहोस्; अनि त्यसको उत्तम बदला पनि दिने गर्नुहुन्थ्यो।

हज यात्राको समयमा रसूल ﷺ को समक्ष सअब बिन् जस्सामा लैसी रजियल्लाहु अन्हु आउनुभयो, उहाले जङ्गली गधा (सिकार गरेर) ल्याउनु भएको थियो। त्यो उहाँले अल्लाहको रसूललाई खुवाउनको लागि सिकार गर्नुभएको थियो। तर रसूल ﷺ ले त्यो कोसेलीको रूपमा ल्याइएको सिकार स्वीकार गर्नुभएन, किनभने उहाँ एहरामको हालतमा हुनुहुन्थ्यो। एहरामको हालतमा सिकार अवैध छ।

जब अल्लाहको रसूल ﷺ ले त्यो कोसेली फिर्ता गर्नुभयो तब उपहार ल्याएर आएका सहाबीलाई दुख लाग्यो, जसको असर उहाँको अनुहारमा झल्किरहेको थियो । त्यसपछि अल्लाहको रसूल ﷺ ले कोसेली फिर्ता गर्नुको कारण बताउँदै भन्नुभयोः "हामी एहरामको हालतमा छौं, त्यसैले यसलाई फिर्ता गरेका हौं ।" यो कुरा सुनेपछि उहाँको मनमा शान्ति मिल्यो । त्यसपछि उहाँ रजियल्लाहु अन्हुले यो खबर आफ्ना साथीहरू समक्ष बयान गर्नुभयो ।

यस हदीसबाट हामीलाई थाहा हुन्छ, समय र परिस्थितिलाई ख्याल गर्दै कुनै कामको वा व्यवहारको कारण बताउन ढिलो गर्नुहुँदैन । ताकि शैतानले खेल्ने र आपसमा शङ्का उपशङ्का पैदा गर्ने मौका नपाओस् । अल्लाहले भन्नुभएको छः

﴿وَقُلْ لِعِبَادِي يَقُولُوا الَّتِي هِيَ أَحْسَنُ إِنَّ الشَّيْطَانَ يَنْزَغُ بَيْنَهُمْ إِنَّ الشَّيْطَانَ كَانَ لِلْإِنْسَانِ عَدُوًّا مُبِينًا ﴿٥٣﴾﴾

अर्थः "मेरा भक्तहरूलाई भनिदेऊ, तिनिहरूले राम्रो कुरा गर्ने गरुन्, किनभने शैतानले तिनिहरूको बीचमा कलह सृजना गर्छ । निःसन्देह शैतान मानिसको खुल्ला शत्रु हो ।" (सूरतुल्-इस्राः १७/ ५३)

इमाम नववी रहिमहुल्लाहले यस हदीसलाई आफ्नो किताब "रिजाजुस्सालेहीन" मा हसन अख्लाक (राम्रो आचरण) अध्यायमा चर्चा गर्नुभएको छ, ताकि कारण बताउनु र दुखी हृदयलाई खुसी पार्नु राम्रो आचरण हो भन्ने कुरा सर्वसाधारण मानिसहरूलाई पनि जानकारी होस् ।

# 20

हुजैफा बिन् यमान रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "चुक्लीखोर जन्नतमा जान पाउनेछैन ।" (बुखारीः ६०५६, मुस्लिमः १०५)

## व्याख्याः

यो हदीस ती हदीसहरू मध्येको हो जसमा हामीलाई आफ्नो बोली वचनको कारणले आइपर्ने विपत्ति र हानीको बारेमा सचेत गरिएको छ । बोली वचनबाट आइपर्ने समस्याहरू कैयौँ किसिमका छन् । बोली वचनका कारण उत्पन्न हुने तिनै समस्याहरूमध्ये चुक्ली गर्नु अथवा पीठ पछाडी निन्दा गर्नु पनि हो, जो अत्यन्त हानिकारक कार्य हो । इमाम नववी रहिमहुल्लाहले भन्नुभएको छः

"याद राख्नुहोस् ! चुक्ली र परोक्ष निन्दा यी दुबै बानी सबैभन्दा खराब र सबैभन्दा व्यापक पनि छन् । तर यसबाट कमै मानिसहरू बचेका हुन्छन् ।"

यस हदीसमा प्यारो नबी ﷺ ले हामीलाई यो नराम्रो बानी र पापबाट सचेत गर्नुभएको छ, किनभने चुक्ली गर्नु ठूला पापहरू मध्येको हो ।

हदीसमा आएको शब्द “कत्तात” को तात्पर्य नम्माम हो, जसलाई नेपालीमा चुक्ली गर्नु भनिन्छ । नबी ﷺ ले चुक्ली गर्नेहरू जन्नतमा जान पाउने छैनन् भन्नुभएको छ ।

नम्मामः कसैको कुरालाई उसको अनुपस्थितिमा फसाद गर्ने उद्देश्यले मानिसहरूमा बयान गर्ने व्यक्तिलाई भनिन्छ, भने यसरी पिठ्यूँ पछाडी कुरा काट्ने कार्यलाई नमिमह् भनिन्छ । यो आपसमा द्वन्द, मतभेद, फुट र शत्रुताको कारक हो ।

त्यसैले प्रत्येक मुस्लिम महिला तथा पुरुषले चुक्ली जस्तो नराम्रो कामबाट स्वयम् बच्नु र अरूलाई पनि यसबाट सचेत गराउनु जरुरी छ । किनभने यो मानिसलाई जन्नतबाट वञ्चित गर्ने र नर्कतिर लैजाने कारक हो । अल्लाहले हामीलाई यस्तो कार्यबाट बचाउन् ।



# 21

अनस बिन् मालिक रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो: "जब मुस्लिमले कुनै बिरुवा रोप्छ वा कुनै चीजको खेती गर्छ, अनि त्यसबाट चराचुरुङ्गी, मनुष्य वा कुनै जनावरले खान्छन् भने त्यसबाट किसानलाई सदका (दान) दिए बराबर पुण्य मिल्छ।" (बुखारी: २३२०, मुस्लिम: १५५३)


## व्याख्या:

कृषि एक महत्त्वपूर्ण मानवीय व्यवसाय हो। यो जीविकोपार्जनको एक श्रोत र सम्पत्ति र नगद धन प्राप्तिको माध्यम पनि हो।

अल्लाहले आफ्ना भक्तहरूलाई प्रदान गरेको कृपा र अनुग्रहहरू मध्ये एउटा यो पनि हो, जब कुनै मुस्लिमले बाली रोप्छ अनि त्यसबाट कुनै मानिस, चराचुरुङ्गी, जनावर आदिले खान्छन् भने त्यो बाली रोप्ने अथवा खेती गर्ने व्यक्तिको लागि अल्लाहले दान (सदका) को रूपमा पुण्य लेख्नुहुन्छ। यद्यपि खेती गर्ने व्यक्तिले त्यसलाई सदका गर्नको लागि रोपेको थिएन, बरु उसले आफ्नो निर्वाह र व्यापारको लागि रोपेको थियो।

यो पुण्य तथा अज्र-सवाब खेतीमा मात्र सीमित छैन, मुस्लिमले गर्ने हरेक असल कामबाट यदि अरूलाई फाइदा हुन्छ भने उसलाई त्यसको पुण्य मिल्छ। जस्तै- कसैले इनार तथा कुवा खनाउँछ, अनि त्यसबाट मानिसहरू, जनावरहरू र चराचुरुङ्गीले पानी पिउँछन्, कसैले शीतल छायाको लागि बाटोघाटोमा रूखहरू

रोप्छ, शीतल छहारी र आराम प्राप्त गर्नको लागि चौतारी बनाउँछ, अनि त्यसबाट मानिसहरू र पशु-पंक्षीले फाइदा उठाउँछन्, भने पनि उसलाई पुण्य मिल्छ। त्यसैगरी अन्य फाइदा जनक र राम्रा कामहरूबाट कसैलाई फाइदा हुन्छ भने त्यसमा पनि पुण्य मिल्छ।



# 22

"अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ को जिम्मामा एकजना मानिसको ऋण थियो, ऊ आएर उहाँ ﷺ सँग माग्न थाल्यो र झगडा गर्न थाल्यो। सहाबाले त्यसलाई पिट्ने विचार गरे, तर उहाँ ﷺ ले भन्नभयोः यसलाई छाडिदेऊ, किनभने ऋण दिने व्यक्ति बोल्छ नै बरु यसलाई त्यसै उमेरको ऊँट देऊ, जुन उमेरको उसको ऊँट थियो। मानिसहरूले भने उसको ऊँटको उमेरको त छैन तर त्योभन्दा राम्रो छ। उहाँ ﷺ ले भन्नुभयोः यसलाई त्यही देऊ। किनभने तिमीहरूमा सबैभन्दा राम्रो व्यक्ति त्यो हो जसले ऋणलाई राम्रोसँग चुक्ता गर्छ।" (बुखारीः २३०६, २६०६, मुस्लिमः १६०१)

## व्याख्याः

नबी ﷺ ले केही समयपछि पैसा दिने सर्तमा एकजना मानिससँग ऊँट किन्नुभएको थियो। जब पैसा तिर्नुपर्ने म्याद आयो, त त्यो मानिस आफ्नो पैसा माग्न उहाँ ﷺ को पासमा आयो अनि चर्को स्वरमा रिसाएर बोल्न थाल्यो। अल्लाहको रसूल ﷺ का साथीहरू (सहाबा) पनि त्यस्तो उसको व्यवहार देखेर रिसाए। किनभने उसले नबी ﷺ लाई असभ्य शब्दहरू बोलीरहेको थियो, जुन इज्जत र सम्मानको साथ उहाँको सामु प्रस्तुत हुनुपर्ने हो त्यसो गरेको थिएन। यो सबै मामिला देखिरहेका सहाबाले पिट्नै लागेका थिए तर नबी ﷺ ले उनीहरूलाई रोक्दै भन्नुभयोः "यसलाई छाडिदेऊ" अथवा यसलाई नपिट; किनभने ऋण दिने व्यक्तिलाई बोल्ने अधिकार छ, जब उसले आफूले दिएको धन माग्छ त आफ्नो हैसियत अनुसार बोल्छ।

यस हदीसबाट हामीले एउटा महत्त्वपूर्ण शिक्षा पाउँछौं, जसले हामीलाई फाइदा पुर्याउँछ अथवा जो व्यक्ति मानिसहरूको लागि फाइदा जनक छ, यदि उसले आफ्नो अधिकारको माग गर्दैछ भने हामीले उसको कुरा सुन्नुपर्छ, उसको कुरामा ध्यान दिनुपर्छ र उसले आफ्नो आवाजलाई चर्को पारेर बोलेको छ वा रिसाएर बोलेको छ भने हामीले उसको प्रतिवाद गर्नुहुँदैन ।

यो नबी ﷺ को तरिकालाई अपनाउँदा हकवालासम्म उसको हक अधिकार पुग्छ, हामीहरू बीच समस्या, मतभेद, झगडा हुन पाउँदैन र आपसमा सहयोगको भावना पनि बढ्छ ।

# 23

अबू कतादा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "जो व्यक्तिले कामना गर्छ कि अल्लाहले उसलाई कयामतको दिनको सख्ती (कठिनाइ) बाट मुक्ति दिनुहुनेछ, त उसले अप्ठ्यारोमा परेको (ऋणि) लाई केही समयको मोहलत देओस्, वा उसको (सबै) ऋण माफ गरोस् ।" (मुस्लिमः १५६३)

## व्याख्याः

कयामत (महाप्रलय) एउटा त्यस्तो दिन हुनेछ, जुन दिन अल्लाहले सबै मानिसहरूको कर्मको हिसाब किताब गर्नुहुनेछ, उनीहरूका कर्मको लेखा जोखा गरी उनीहरूले गरेका सबै कर्महरूको प्रतिफल दिनुहुनेछ । अनि जुन विषयमा उनीहरूले बादविवाद गर्थे वा आपसमा झगडा गर्थे तिनको पनि फैसला गर्नुहुनेछ र उनीहरूमा को जन्नत जान्छन् र को जहन्नम जान्छन् भन्ने कुराको पनि फैसला गर्नुहुनेछ ।

त्यस भयानक दिनमा मानिसहरूको बेचैनी र चिन्ता बढेको हुनेछ, किनभने उनीहरू त्यस बेला एकदमै डरलाग्दो, अनौठो र कठीन परिस्थितिमा घेरिएका हुनेछन् । तसर्थ जो मानिसले कयामतको दिनको त्यो भयानक स्थिति र कठिनाइबाट मुक्ति चाहन्छ, उसले अप्ठ्यारोमा परेका गरिब मानिसहरूका दुःख कष्ट हटाउनु, उनीहरूलाई सहुलियत प्रदान गर्नु वा उनीहरूको ऋणलाई माफ गर्नुपर्छ ।

आर्थिक रूपले समस्यामा परेका र ऋणमा डुबेका मानिसहरूलाई सहयोग गर्नु र उनीहरूको ऋण माफ गर्नु धैरै ठूलो पुण्य कार्य हो, तर यो अनिवार्य कार्य भने होइन

बरु उत्तम कार्य हो। (तनफ्फुस) भनेको मानिसले आफ्नो भाइसँग ऋण फिर्ता माग्दा केही ढिलो गरेर मोहलत देओस् वा पुरै रकम मिनाहा गरोस्, वा आफूले लिनुपर्ने हकको केही अंश मिनाहा गरोस्, यही हदीसमा बयान गरिएको शब्द वदअ (माफ गरोस्) को तात्पर्य हो।

यदि तपाईसँग कसैले ऋण लगेको छ र ऋण तिर्ने अथवा फिर्ता गर्ने समय पनि आइपुगेको छ, अनि तपाईंलाई यो पनि थाहा छ कि ऋण लगेको व्यक्तिसँग पैसा छैन र तुरुन्त फिर्ता गर्नसक्ने अवस्थामा छैन, ऊ आर्थिक समस्या छ भने तपाईंले उसलाई केही समयको मोहलत दिनुस् वा आफूले पाउनुपर्ने पुरै हक माफ गर्नुस् वा केही अंश माफ गर्नुस्। यदि यस्तो गर्नुहुन्छ भने तपाईंले ठूलो पुण्यको कार्य गर्नुहुन्छ। यसैको कारण कयामतको दिनको अप्ठ्यारो परिस्थितिबाट मुक्ति, जन्नत जाने माध्यम र अल्लाहको प्रसन्नता प्राप्त हुने आशा गरिन्छ।

## 24

अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो: "जसले हामीलाई धोका दिन्छ त्यो हामीहरू मध्येको होइन।" (मुस्लिमः १०१)

### व्याख्याः

अल्लाहको रसूल ﷺ एक पटक मदीनाका बजारहरू मध्येको एउटा बजारमा हिँड्दै हुनुहुन्थ्यो। हिँड्दै गर्दा उहाँ एक जना व्यापारीको छेउमा पुग्नुभयो जसले गहुँ, जौ आदि जस्ता गल्लाको थुप्रो लगाएर बेचिरहेको थियो। वर्षाको कारणले गल्ला भिजेको थियो। उसले भिजेको गल्लालाई सुक्खा गल्लाले ढाकेर राखेको थियो ताकि ग्राहकहरूले भिजेको गल्लालाई नदेखुन्।

रसूल ﷺ लाई त्यो गल्लामा केही कमी अथवा खोट भएको आभास भयो। उहाँले त्यस गल्लाको थुप्रोमा आफ्नो हात घुसाएर निकाल्नुभयो त उहाँको हातमा पानीको चिसोपना लागेको पाउनुभयो। जब उहाँले उसको गल्ला भिजेको पाउनुभयो त त्यस व्यापारीलाई भन्नुभयो: "तिमीले यसलाई माथि किन राखेनौ, माथि राखेको भए मानिसहरूले देख्थे, अनि भन्नुभयो जसले हामीलाई धोका दिन्छ त्यो हामीहरू मध्येको होइन।

यसको अर्थ: विक्रेता आफ्नो व्यवहारमा स्पष्ट र इमान्दार हुनुपर्छ, उसले प्रशंसाको योग्य नभएको वस्तुको प्रशंसा गर्नु हुँदैन, क्रेताहरूलाई खरिद गर्न निरुत्साहित गर्ने वस्तुको दोष लुकाउनु हुँदैन र सत्यतालाई लुकाएर अनुचित रूपमा आफ्नो वस्तुको मूल्य बढाउनु हुँदैन ।

यस हदीसमा, यस किसिमको घिनलाग्दो पाप धोका र निन्दनीय तरिकालाई कडा रूपमा निषेध गरिएको छ, अनि मानिसहरूलाई यसबाट बच्न र यसबाट सावधान रहन आदेश दिएइको छ, किनभने मुस्लिमलाई आफ्नो व्यवसाय, काम, अध्ययन वा अन्य मामिलाहरूमा धोकाबाजी गर्न अनुमति छैन । , अल्लाहद्वारा पठाइएको जीवन व्यवस्था तथा धर्म इस्लाममा सबै प्रकारका धोकाबाजी र छलकपट निषेध गरिएको छ ।

# 25

अबू उमामा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः “जसले कुनै मुस्लिम व्यक्तिको हक झूटो कसम खाएर कब्जा गर्यो अथवा हडप्यो, निःसन्देह अल्लाहले त्यसलाई नर्क (जहन्नम) को भागीदार बनाउनुभयो र उसको लागि स्वर्ग (जन्नत) अवैध गर्नुभयो।” एकजना मानिसले सोधे- हे अल्लाहको रसूल ! चाहे त्यो सानो चीज भएपनि ? उहाँ ﷺ ले भन्नुभयोः “चाहे त्यो पीलूको बोटको एउटा डाली नै किन नहोस् । ” (मुस्लिमः १३७)

## व्याख्याः

मानव अधिकार एउटा त्यस्तो मामिला हो, जसलाई इस्लामिक कानुनले राम्रोसँग सम्बोधन र व्यवस्थापन गरेको छ ।  त्यसैले हामीले कसैको कुनैपनि अधिकार खोस्नु जायज छैन। चाहे त्यो पैसा, जग्गा-जमिन होस् वा अन्य कुनै चीज।

यस हदीसमा अल्लाहको रसूल ﷺ ले हामीलाई मानिसहरूको हक अधिकार खोस्न मनाही गर्नुभएको छ, अनि कसैको अधिकार खोस्ने व्यक्तिको लागि सजायको पनि चेतावनी दिनुभएको छ। यदि कसैले कसैको हक अधिकार झूटो कसम खाएर खोस्यो वा हडप्यो भने ऊ नर्कमा जानेछ, उसको लागि स्वर्गको बाटो बन्द गरिनेछ।

जब रसूल ﷺ का साथीहरूले यो कुरा सुने, त उनीहरूले सोधेः हे अल्लाहको रसूल ! यदि त्यो सानो चीज भएपनि ? अथवा त्यस्तो व्यक्तिलाई पनि यस किसिमको सजाय मिल्नेछ, जसले कसैको हक अधिकारबाट सानो हक मारेको छ ? उहाँ ﷺ

ले भन्नुभयोः “चाहे त्यो पीलूको बोटको डाली बराबर किन नहोस्। पीलू एक किसिमको बोट हो, जसका हाँगाहरू दतिवन (मिस्वाक) को रूपमा प्रयोग गरिन्छ।

भनाइको तात्पर्य मानिसहरूको माल र हक अधिकार मार्नु अति नराम्रो कार्य हो, चाहे त्यो पीलूको हाँगा वा त्यसबाट बनेको दतिवनको टुक्रा जस्तो सानोभन्दा सानो चीज किन नहोस्। अल्लाहले हामी सबैलाई कसैको हक अधिकार हनन गर्ने र अवैध तरिकाले कब्जा गर्ने घृणित कार्यबाट बचाउन्।

# 26

अबू मूसा अशअरी रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, नबी ﷺ ले उहाँलाई र मुआज रजियल्लाहु अन्हुलाई यमनतिर पठाउँदै गर्दा दुबै जनासँग भन्नुभयोः “तिमीहरू दुबै जनाले नरम व्यवहार गर्नु, कडा व्यवहार नगर्नु, र खुसीयाली ल्याउने कुरा गर्नु, घृणा नफैलाउनु, अनि आपसी सहमतिमा रहनु, मतभेद नगर्नु।” (मुस्लिमः ३०३८, १७३३)

## व्याख्याः

अल्लाहको नबी ﷺ ले आफ्ना दुई साथीहरू (सहाबा) अबू मूसा अशअरी र मुआज बिन् जबल रजियल्लाहु अन्हुमालाई यमनमा दीन इस्लामको प्रचार प्रसार गर्न र मानिसहरूलाई दीनको तालिम दिनको लागि पठाउनुभयो। पठाउनु भन्दा पहिले नबी ﷺ ले उहाँहरूलाई छोटो मीठो तर महत्त्वपूर्ण एवम् महान् उपदेश दिनुभयो।

उहाँले ﷺ दुबै जनालाई भन्नुभयोः तिमीहरूले नरम व्यवहार गर्नु, कडा व्यवहार नगर्नु। भनाइको तात्पर्य मानिसहरूसँग व्यवहार गर्दा कडा र मानिसहरूलाई अप्ठ्यारोमा पार्ने किसिमको व्यवहार नगर्नु, बरु नरम र मिठासले भरिपूर्ण व्यवहार गर्नु। दीन इस्लामको शिक्षा दिंदा राम्रो तरिकाले मीठो भाषा, सभ्य शैली र नम्रताको साथ दिनु। उनीहरूलाई भन्नुः इस्लाम सरल र सजिलो छ, यस धर्ममा कुनैपनि किसिमको कठिनाइ, कमी कमजोरी र कठोरता छैन।

त्यसपछि उहाँ ﷺ ले भन्नुभयोः तिमी दुबैले मानिसहरूमा खुसीयाली ल्याउने कुराहरू गर्नु, घृणा फैलाउने काम नगर्नु । मानिसहरूसँग त्यस्तो कुराकानी गर्नु जसद्वारा उनीहरूलाई अल्लाहको दया, कृपा र उत्तम प्रतिफलको शुभ-सूचना मिलोस् र अल्लाहतिर प्रवृत्त भई, निकट हुने वातावरण सृजना होस् । उनीहरूसँग अल्लाहदेखि टाढिने, ईमानमा ठेस पुर्याउने, भलाइका कामहरूबाट रोक्ने र शत्रुता बढाउने जस्ता नराम्रा कुराहरू नगर्नु ।

त्यसपछि उहाँ ﷺ ले तेस्रो उपदेश दिनुभयो, जुन उपदेश प्रत्येक दाजुभाइ, साथीहरू, यात्राका साथीहरू र कारोबार गर्ने साथीहरूको लागि अत्यन्तै महत्त्वपूर्ण छ । त्यो होः "तिमीहरू आपसी सहमतिमा रहनु, मतभेद तथा विमति नगर्नु ।" तिमीहरू दुबैले एक अर्काको अनुसरण गर्नु, तिमीहरू दुबैले एक अर्कालाई कुनै काममा अधिक उत्सुक देख्छौ भने उसलाई साथ दिनु, सहयोग गर्नु र हौसला दिनु ताकि यसको कारण दुबै साथीहरू बीच आपसमा माया र सद्भाव बढोस्, मित्रता अझ प्रगाढ होस् र सधैँ सम्बन्ध मधुर बनिरहोस् ।

यसबाट हामीलाई एउटा महत्त्वपूर्ण कुरा थाहा भयो- जो व्यक्तिले आफ्ना साथीहरूको कुरा मान्छ, सकेसम्म ऊ सँग मतभेद गर्दैन, जसले मतभेद गर्दैन उसले सुन्नतको अनुसरण गर्छ । जो व्यक्तिले धेरै मतभेद र लडाइ झगडा गर्छ, सधैँ विरोधको शैली अपनाउँछ, त्यो व्यक्ति आफ्नो आचरण र व्यवहारको कारण नबी ﷺ को तरिका तथा सुन्नतबाट टाढा हुन्छ ।

## 27

अबू मूसा अशअरी रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, नबी ﷺ ले भन्नुभयोः "जो व्यक्तिले हामीहरूमाथि हतियार उठाउँछ, ऊ हामीहरू मध्येको होइन।" (बुखारीः ७०७१, मुस्लिमः १००)

### व्याख्याः

शान्ति र सुरक्षा अल्लाहको ठूलो वरदान हो र यो जीवनका आवश्यकताहरू मध्येको एक हो। निःसन्देह अल्लाहले आफ्ना भक्तहरूका लागि शान्ति र सुरक्षाको वरदान दिएर ठूलो कृपा गर्नुभएको छ। अल्लाहले भन्नुभएको छः

﴿فَلْيَعْبُدُوا رَبَّ هَٰذَا الْبَيْتِ ۝٣ الَّذِي أَطْعَمَهُم مِّن جُوعٍ وَآمَنَهُم مِّنْ خَوْفٍ ۝٤﴾

अर्थः "अतः उनीहरूले यस घर (काबा) को रबको उपासना गरुन्। जसले उनीहरूलाई भोकमा खाना खुवाए अनि डर र भयबाट शान्ति प्रदान गरे। (सूरतु कुरैशः १०६/ ३-४)

समाजमा शान्ति र सुरक्षा कायम होस् भनेर नै अल्लाहको नबी ﷺ ले मानिहरूलाई

डराउन, धम्काउन, आतङ्कित गर्न, हत्या गर्ने नियतले हतियार उठाउन मनाही गर्नुभएको हो। त्यसैगरी शासकको विरुद्धमा उभिन, उसको आज्ञापालन र अनुसरण नगर्न, अनि जमाअतबाट अलग भएर रहन पनि मनाही गर्नुभएको छ।

नबी ﷺ को भनाइः "जो व्यक्तिले हामीहरूमाथि हतियार उठाउँछ, ऊ हामीहरू मध्येको होइन।" ले यो कुरा प्रमाणित गर्छ कि जो व्यक्ति यस्तो नियतले हतियार उठाउँछ, ऊ नबी ﷺ को साँचो अनुसरणकर्ता अनुयायी होइन। त्यसैले यस्तो गर्नु ठूला पापहरू मध्येको हो।

# 28

अब्दुल्लाह इब्ने मुगफ्फल रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले कंकरी (रोडा) ले हान्न मनाही गर्नुभएको छ र भन्नुभएको छः "यसले न त कुनै सिकार हुनसक्छ, न कुनै शत्रुलाई परास्त गर्न (चोट पुर्याउन) सक्छ । बरु यसले दाँत भाँचिन्छ र आँखा फुटाल्छ ।" (बुखारीः ६२२०, मुस्लिमः १९५४)

## व्याख्याः

अल्लाहको रसूल ﷺ मानिसहरूलाई सधैँ फाइदा जनक शिक्षा दिन उत्सुक रहनुहुन्थ्यो र उनीहरूलाई यस लोक र परलोकमा हानी पुर्याउने कामहरूबाट सचेत र सावधान गर्नुहुन्थ्यो । त्यसैले अल्लाहले उहाँ ﷺ को आचरणको प्रशंसा गर्दै भन्नुभएको छः

﴿لَقَدْ جَاءَكُمْ رَسُولٌ مِنْ أَنْفُسِكُمْ عَزِيزٌ عَلَيْهِ مَا عَنِتُّمْ حَرِيصٌ عَلَيْكُمْ بِالْمُؤْمِنِينَ رَءُوفٌ رَحِيمٌ ﴿١٢٨﴾﴾ [التوبة: ١٢٨]

अर्थः "(हे मानिसहरू हो !) तिमीहरूको माझमा तिमीहरू मध्येबाटै एउटा रसूल (सन्देश वाहक) आएका छन् । तिम्रा पीडाबाट उनी दुःखी हुन्छन् र तिम्रा भलाइको निम्ति चिन्तित रहन्छन्, र ईमानवाला (आस्थावान्) हरूलाई निकै माया गर्ने दयालु छन् ।" (सूरतुत्तौबाः ९/ १२८)

अर्को ठाउँमा भन्नुभएको छः

﴿لَقَدْ مَنَّ اللَّهُ عَلَى الْمُؤْمِنِينَ إِذْ بَعَثَ فِيهِمْ رَسُولًا مِنْ أَنْفُسِهِمْ يَتْلُو عَلَيْهِمْ آيَاتِهِ وَيُزَكِّيهِمْ وَيُعَلِّمُهُمُ الْكِتَابَ وَالْحِكْمَةَ وَإِنْ كَانُوا مِنْ قَبْلُ لَفِي ضَلَالٍ مُبِينٍ ١٦٤﴾

अर्थः निःसन्देह मोमिनहरूमाथि अल्लाहको ठूलो अनुकम्पा छ, उहाँले तिनिहरूको माझमा तिनिहरू मध्येबाटै एउटा रसूल पठाउनुभएको छ, जसले अल्लाहका आयतहरू पढेर तिनिहरूलाई सुनाउँछन् र तिनलाई पवित्र गर्छन् तिनलाई किताब र तत्त्वज्ञान सिकाउँछन्, तिनीहरू यसभन्दा पहिला स्पष्ट रूपमा मार्ग विचलित थिए। (सूरतु आले इमरानः ३/ १६४)

यस हदीसमा नबी ﷺ ले मानिसहरूले इस्लाम भन्दा पहिलेको युगमा र इस्लामको प्रारम्भिक दिनहरूमा गर्ने गरेको कामलाई मनाही गर्नुभएको छ। त्यो काम हो हातले कंकरी (रोडा) हान्नु। उहाँ ﷺ ले यस कामलाई मनाही गर्नुको कारण पनि खुलासा गर्नुभएको छ। रोडा हान्दा कुनै फाइदा हुँदैन, न त सिकार मर्छ, न शत्रुलाई परास्त गर्छ। बरु यो काम मानिसहरूको लागि हानिकारक हुनसक्छ। यदि यसले लाग्यो भने दाँत भाँचिन पनि सक्छ र आँखा फुट्न पनि सक्छ।

यो काम साना ठूला सबै मानिसहरूका लागि निषेध छ। ठूला मानिसले त एक पटक भनेपछि यस्तो नगर्न सक्छन्, तर साना बच्चाहरूलाई यस कुराबाट बारम्बार मनाही र सचेत गर्नुपर्छ। किनभने उनीहरू रोडा हानाहान गर्ने वा रोडासँग खेलबाड धेरै गर्छन्। त्यसैले यस विषयमा उनीहरूलाई उपदेश, सही शिक्षा र मार्गदर्शन गर्नु उत्तम हुन्छ।

# 29

अनस इब्ने मालिक रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, “मैले दस वर्षसम्म अल्लाहको रसूल ﷺ को सेवा गरेँ, उहाँले मलाई कहिले उफ समेत भन्नुभएन।” (बुखारीः ६०३८, मुस्लिमः २३०९)

## व्याख्याः

जब अल्लाहको नबी ﷺ मक्काबाट हिजरत (प्रवास) गरेर मदीना आउनुभयो त उहाँको पासमा अनस इब्ने मालिक रजियल्लाहु अन्हुको आमा आउनुभयो। उहाँको साथमा अनस इब्ने मालिक रजियल्लाहु अन्हु पनि हुनुहुन्थ्यो। त्यतिखेर उहाँ दस वर्षको हुनुहुन्थ्यो। उहाँको आमाले भन्नुभयोः हे अल्लाहको रसूल ! यो मेरो छोरा अनस हो, यसलाई मैले हजुरको सेवा गरोस् भनेर यहाँ ल्याएर आएकी हुँ। रसूल ﷺ ले उहाँको कुरालाई स्वीकार गर्नुभयो र अनस रजियल्लाहु अन्हुलाई आफ्नो पासमा राख्नुभयो। त्यस दिनदेखि अनस रजियल्लाहु अन्हु अल्लाहको रसूलको सेवक बनेर उहाँको सेवा गर्न थाल्नुभयो। अनस उहाँसँग सधैँ नजिक रहनुहुन्थ्यो र सकेसम्म उहाँका हरेक काममा सघाउनु हुन्थ्यो।

अनस रजियल्लाहु अन्हुले यस हदीसमा हामीलाई रसूल ﷺ को आचरणको बारेमा जानकारी गराउनु भएको छ। उहाँले भन्नुभएको छः म अल्लाहको रसूल ﷺ

को साथमा रहेर दस वर्षसम्म उहाँको सेवा गरे, तर यति लामो अवधिमा रसूल ﷺ ले न त उहाँको कामको कुनै टीका टिप्पणी गर्नुभयो, न यो काम खराब गर्यौ भन्नुभयो, न यो काम किन गर्यौ र यो किन गरेनौ भन्नुभयो, न कहिल्यै डाँट्नुभयो, यहाँसम्म कि उहाँले उफ पनि भन्नुभएन।

यो हदीसले रसूल ﷺ को आफ्ना साथीहरू तथा अनुयायीहरू प्रतिको व्यवहार तथा आचरणको महानता दर्साउँछ। चाहे साथी तथा अनुयायी साना होऊन् वा ठूला, कुनै नोकर होऊन् वा कुनै समुदायका ठूला बडा हाकिम।

यस हदीसबाट हामीले एउटा राम्रो शिक्षा पायौं, त्यो हो- आफ्ना अधीनमा रहेर काम गर्ने नोकरचाकर तथा कामदारहरूसँग नरम व्यवहार गर्नुपर्छ, किनभने उनीहरू पनि हामीहरू जस्तै मानव हुन्। उनीहरूलाई इज्जत र सम्मान गर्नु हाम्रो दायित्व पनि हो। हामीले उनीहरूको कामको सम्मान गर्दै, उनीहरूको हक र अधिकार पनि दिनुपर्छ।

# 30

अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "जब तिमीहरूमध्ये कोही कुनै सभा (मजलिस) बाट बाहिर निस्कन्छ, अनि पुनः त्यस सभामा फर्केर आउँछ त त्यस (ठाउँ) को अधिक हकदार हुन्छ।" (मुस्लिमः २१७९)

## व्याख्याः

इस्लाम परिपूर्ण धर्म तथा जीवन व्यवस्था हो, यस धर्मले हामीहरूको लागि यस लोक र परलोकमा आवश्यक पर्ने साना र ठूला हरेक फाइदाजनक कुराहरूलाई स्पष्ट पारेको छ। तिनै कुराहरू मध्येको एउटा कुरा सभाको शिष्टाचार हाम्रो लागि यस हदीसमा बयान गरिएको छ।

यस शिष्टाचारको तात्पर्य, मानिस जब कुनै सभा (मजलिस) मा बस्छ, अनि त्यसपछि त्यहाँबाट उठेर बाहिर जान्छ, अनि फेरि फर्केर त्यहाँ आउँछ भने त्यस ठाउँमा बस्न पाउने अधिक हकदार हुन्छ। त्यसैले उसको ठाउँमा अरू कोही आएर बस्नु उचित हुँदैन। फर्केर आएमा उठेर गएको ठाउँमा बस्न पाउने अरू मानिसहरूको तुलनामा ऊ अधिक हकदार हुन्छ। यो शिष्टाचार सभा, बैठक, मस्जिद, कक्षा कोठा, ज्ञान गुनका सभा आदि जस्ता ठाउँहरूमा पनि लागू हुन्छ, जसमा मानिसहरू सधैँ आएर बस्ने गर्छन्।

यदि कोही व्यक्ति बैठकबाट उठेर एकछिनमै त्यस बैठकमा पुनः फर्कियो भने अरू मानिसको तुलनामा पहिले बसेको ठाउँमा बस्न पाउने अधिक हकदार हुन्छ, तर ऊ बैठकबाट उठेर गएपछि लामो समयपछि त्यहाँ फर्केर आउँछ भने अन्य मानिसको तुलनामा पहिले बसेको ठाउँमा बस्न पाउने अधिक हकदार हुँदैन। जस्तै- कोही जोहरको समयमा बैठकबाट उठेर गयो, अनि अस्नको समयमा वा मग्रीबको समयमा वा भोलिपल्ट फर्केर आउँछ भने त्यस ठाउँमा बस्न पाउने अधिक हकदार हुँदैन।

प्रायजसो घर, विद्यालय र अन्य ठाउँहरूमा साना केटाकेटीहरू बीच बस्ने ठाउँको विषयमा झगडा हुने गर्छ। यदि हामीले बैठक तथा सभाहरूमा बस्ने शिष्टाचारको बारेमा इस्लामिक शरिअतको नियम सिक्छौं, सिकाउँछौं र त्यसको पालना गर्छौं भने मतभेद र झगडाको स्थिति सृजना हुँदैन अनि आपसमा माया र सदभाव पनि बढ्छ।

## 31

अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "एक मुस्लिममाथि अर्को मुस्लिमका ६ वटा हक-अधिकार छन्। ती हुन्- तिमीहरू आपसमा भेटघाट हुन्छौ भने सलाम भन, कसैले निम्तो दिन्छ भने त्यसलाई स्वीकार गर, यदि कसैले राम्रो कुराको सल्लाह माग्छ भने उसलाई सही सल्लाह देऊ, यदि कसैलाई हाच्छिउँ आउँछ र उसले अल्हम्दु-लिल्लाह भन्छ भने उसको हाच्छिउँको जबाफ देऊ, यदि कोही बिरामी परेको छ भने उसलाई भेट्न जाऊ, कसैको मृत्यु हुन्छ भने उसको जनाजामा जाऊ।" (मुस्लिमः २१६२)

### व्याख्याः

एक मुस्लिममाथि अर्को मुस्लिमका धेरै हक अधिकारहरू छन्, ती मध्ये यस हदीस अनुसार महत्त्वपूर्ण हकहरू यस प्रकार छन्

**पहिलो हकः** सलाम भन्नु। जब तिमीले कुनै मुस्लिमलाई भेट्छौ त सलाम गर, यदि उसले तिमीलाई पहिले सलाम गरेको छ भने त्यसको सलामको जबाफ देऊ।

**दोस्रो हकः** निम्तो स्वीकार गर्नु। जब तिमीलाई कसैले खानको लागि निम्तो दिन्छ त तिमीले उसको निम्तोलाई स्वीकार गर। विशेषगरी जब तिमीलाई विवाहको वलीमाको निम्तो आउँछ त्यसमा अवश्य जाऊ, किनभने वलीमा भोजको निम्तो स्वीकार गर्नु जरुरी छ।

**तेस्रो हकः** सुझाव, सल्लाह र भलाइको उपदेश दिनु। जब कुनै मुस्लिमले तिमीसँग कुनै कुराको सुझाव सल्लाह र नसिहत माग गर्छ, वा कुनै कुराको बारेमा सोधपुछ गर्छ, त तिमीले उसलाई सही सुझाव, सल्लाह र उपदेश देऊ।

**चौथो हक:** हाच्छिउँको जबाफ दिनु। जब कुनै मुस्लिमले हाच्छिउँ गर्छ अनि उसले "अल्हम्दु-लिल्लाह" (अर्थः हरेक किसिमका प्रशंसाहरू अल्लाहकै लागि हुन् ।) भन्छ, त तिमीले त्यसको प्रतिउत्तरमा "यर्-हमुकल्लाह" (अर्थः अल्लाहले तपाईंमाथि दया गरुन् ।) भन । जब तिमीले उसलाई "यर्-हमुकल्लाह" भन्छौ त उसले तिम्रो लागि "यह्-दीकुमुल्लाह व युस्लिह बालकुम्" (अर्थः अल्लाहले तपाईंलाई हिदायत दिउन् र तपाईंका मामिला सही गरुन् ।) भन्नुपर्छ।

**पाँचौं हक:** बिरामीलाई भेटेर उसको हालखबर सोधपुछ गर्नु र उसलाई सान्त्वना दिनु। जब कोही बिरामी हुन्छ त तिमी उसलाई भेट्न जाऊ, तिमी उसलाई भेट्न गयौ भने उसलाई हौसला र सान्त्वना मिल्छ। यसको साथसाथै तिमीले बिरामीलाई भेट्न गएकोमा अल्लाहको तर्फबाट तिम्रो लागि ठूलो पुण्य र प्रतिफल मिल्छ।

छैठौँ हकः मृतकको जनाजामा जानु। एक मुस्लिममाथि अर्को मुस्लिमको हक मृत्युपछि पनि रहन्छ। कुनै मुस्लिमको मृत्यु हुन्छ भने तिमी उसको जनाजाको साथमा जाऊ, उसलाई काँध देऊ, उसको जनाजाको नमाज पढ र उसलाई दफनाउँदा माटो देऊ। किनभने यसो गर्नुमा धेरै पुण्य छ। यसमा मृतकको क्षमायाचना र मुक्तिको लागि दुआ गरिन्छ र त्यसैले जीवितहरूको लागि पनि जनाजामा सहभागी भएकोमा र नमाज पढेर दफनाएकोमा धेरै पुण्य मिल्छ।

# 32

अबू सईद खुदरी रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः “बाटोको हक अदा गर ।” मानिसहरूले सोधेः “बाटोको हक के-के हुन् ?” उहाँ ﷺ ले भन्नुभयोः “आफ्नो नजर झुकाउनु (गैर महरमलाई नहेर), कसैलाई कष्ट नदिनु, सलामको जबाफ दिनु, अनि राम्रो कामको आदेश दिनु र नराम्रो कामबाट रोक्नु ।” (बुखारीः २४६५, मुस्लिमः २१२१)

## व्याख्याः

नबी ﷺ को जमानामा मानिसहरू बाटाको किनारामा बसेर कुराकानी र आपसमा ठट्टा मजाक गर्थे । नबी ﷺ ले तिनिहरूलाई भन्नुभयोः तिमीहरू यसरी बाटोमा बस्ने नगर । मानिसहरूले भनेः हे अल्लाहको रसूल ! हाम्रो लागि यो बाहेक अरू विकल्प छैन, हामीहरूलाई यहाँ बस्न जरुरी छ । उनीहरूको यो कुरा सुनेपछि उहाँले भन्नुभयोः यदि तिमीहरूलाई यहीँ बस्नु पर्छ भने बाटोको हक अदा गर । मानिसहरूले सोधे बाटोको हक के हो ? त्यसपछि उहाँ ﷺ ले तिनिहरूलाई बाटोको हकको सम्बन्धमा चार कुराहरू बताउनुभयो । ती हुन्-

**पहिलो हकः** नजर झुकाएर राख्नु । जो व्यक्ति बाटोमा बस्छ, उसले कसैको घरका ढोका तथा पर्दाहरू खुलेको देख्छ भने त्यतातिर नहेरोस् । त्यसैगरी बाटोमा कुनै महिला हिँडिरहेकी छन् भने उनलाई नहेरी आफ्नो नजर झुकाएर राखोस् । अल्लाहले भन्नुभएको छः

﴿قُلْ لِلْمُؤْمِنِينَ يَغُضُّوا مِنْ أَبْصَارِهِمْ ﴿٣٠﴾﴾

अर्थः “मोमिन पुरुषहरूलाई भन, आफ्नो दृष्टि तल राख्ने गरुन् ।” (सूरतुन्-नूरः २४/ ३०)

**दोस्रो हक:** कसैलाई दुःख कष्ट दिनबाट बच्नु। जो बाटोको छेउमा बस्छ उसले बाटोमा हिंड्ने यात्रुलाई अप्ठ्यारो पर्ने गरी बाटो छेकेर वा बन्द गरेर नबसोस्, बाटोमा फोहोर चीजहरू नफ्याँकोस् र यात्रुलाई कष्ट दिने काम नगरोस्।

**तेस्रो हक:** सलामको जबाफ दिनु। यदि कसैले बाटोमा बसेकालाई सलाम गर्छ भने उनीहरूले पनि सलामको जबाफ दिनु जरुरी छ। किनभने सलाम गर्नु सुन्नत हो र सलामको जबाफ दिनु वाजिब (अनिवार्य) हो। अल्लाहले भन्नुभएको छः

﴿وَإِذَا حُيِّيتُمْ بِتَحِيَّةٍ فَحَيُّوا بِأَحْسَنَ مِنْهَا أَوْ رُدُّوهَا ﴿٨٦﴾﴾

अर्थः "जब कुनै व्यक्तिले तिमीलाई सलाम गर्छ त तिमीले पनि त्योभन्दा राम्रो शब्दमा जबाफ देऊ वा तिनै शब्दमा सलाम फर्काऊ।" (सूरतुन्-निसाः ४/ ८६)

**चौथो हक:** राम्रो कामको आदेश दिनु र नराम्रो कामबाट रोक्नु। अल्लाहले कुर्आनमा मोमिनहरूको प्रशंसा गर्दै भन्नुभएको छ, उनीहरूले राम्रो कामको आदेश दिन्छन् र नराम्रो कामहरूबाट मानिसहरूलाई रोक्छन्। भन्नुभएको छः

﴿وَٱلْمُؤْمِنُونَ وَٱلْمُؤْمِنَٰتُ بَعْضُهُمْ أَوْلِيَآءُ بَعْضٍۚ يَأْمُرُونَ بِٱلْمَعْرُوفِ وَيَنْهَوْنَ
عَنِ ٱلْمُنكَرِ وَيُقِيمُونَ ٱلصَّلَوٰةَ وَيُؤْتُونَ ٱلزَّكَوٰةَ وَيُطِيعُونَ ٱللَّهَ وَرَسُولَهُۥٓۚ
أُو۟لَٰٓئِكَ سَيَرْحَمُهُمُ ٱللَّهُۗ إِنَّ ٱللَّهَ عَزِيزٌ حَكِيمٌ ﴿٧١﴾﴾

अर्थः "मोमिन पुरुष र मोमिन स्त्रीहरू परस्पर एक अर्काका सहायक र साथी हुन्, उनीहरूले राम्रो कुराको आदेश दिन्छन् र नराम्रो कुराबाट रोक्छन्। नियमित नमाज पढ्छन्, जकात दिन्छन् अनि अल्लाह र उहाँको रसूलको आज्ञापालन गर्दछन्। यी तिनै मानिस हुन्, जसमाथि शीघ्र नै अल्लाहले दया गर्नुहुनेछ। निःसन्देह अल्लाह सर्व-शक्तिमान्, तत्त्वज्ञानी हुनुहुन्छ।" (सूरतुत्तौबाः ९/ ७१)

## 33


अब्दुल्लाह इब्ने उमर रजियल्लाहु अन्हुमाले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो: "कुनै मुस्लिमको लागि यो उचित छैन कि उसको पासमा वसियत (इच्छापत्र) को योग्य माल होस् र वसियतको कागजात नबनाइकन दुई रात गुजारोस् ।" (बुखारी: २७३८, मुस्लिम: १६२७)

### व्याख्या:

जसको पासमा वसियत (इच्छापत्र) गर्ने कुनै चीज छ, त्यस्ता मानिसले वसियत गर्नु वैध भएको कुरा यस हदीसले प्रमाणित गर्छ । मानिसले तिर्नुपर्ने कुनै ऋण छ, वा उसले जकात निकालेको छैन, वा उसको पासमा कसैको अमानत छ, वा उसले दियत (जरिमाना) तिर्नुपर्ने छ, वा कसैको कुनै हक छ भने उसले वसियत गर्नु जरुरी छ । तर ऊ माथि कसैको ऋण, वा कुनै चीज बाँकी छैन भने उसले वसियत गर्नु जरुरी छैन । तैपनि उसले वसियत गर्छ भने उत्तम हो । कुनै किसिमको बाँकी बक्यौता वा अमानत दिनुपर्ने छैन भने उसले आफ्नो माल-सम्पत्तिबाट एक तिहाइ माल वसियत गर्न सक्छ ।

याद रहोस्, वसियत साना चीजहरूमा पनि हुन्छ । जस्तै- कसैले थोरै रुपैयाँ सापटी लिएको छ, वा कुनै सानो सामान किनेर त्यसको मूल्य पछि तिर्ने नियत गरेको छ, त्यसैगरी मानिसको दैनिक जीवनयापनमा आइपर्ने मामिला तथा काम कारोबारको बारेमा पनि वसियत गर्नुपर्छ ।

त्यसैगरी यो कुरा पनि स्पष्ट हुनु जरुरी छ, वसियत (इच्छापत्र) को कुनै खास सूत्र (शब्दहरू) छैनन्, तर वसियत कर्ताले आफूले वसियत वा सिफारिस गर्न चाहेको कुरा स्पष्ट र बुझ्ने गरी लेख्नुपर्छ । चाहे उसले कागजमा लेखेको होस् वा मेल वा टेलिफोन सन्देशहरू मार्फत, वा लेख बिना मौखिक रूपमा बोलेको होस् । यी सबै तरिका सही छन् र यी पर्याप्त पनि छन्, इन् शा अल्लाह ।



# 34

अब्दुल्लाह इब्ने उमर रजियल्लाहु अन्हुमाले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयोः "निःसन्देह, अल्लाहले तिमीहरूलाई तिम्रा बुवाहरूको कसम खान मनाही गर्नुभएको छ, यदि कसैले कसम खान चाहन्छ भने उसले अल्लाहको कसम खाओस्, नत्र चुप लागोस् ।"
(बुखारीः ६६४६, मुस्लिमः १६४६)

## व्याख्याः

इस्लामको प्रारम्भिक दिनहरूमा अल्लाहको रसूल ﷺ का साथीहरू (सहाबा) ले अज्ञानताको समयमा जस्तै गैरुल्लाह (अल्लाह बाहेक अन्य चीजहरू) को कसम खान्थे । उनीहरूले आफ्ना बाउ बाजेको, आमाहरूको, आफ्नो इज्जतको, अमानत तथा भरोसा आदिको कसम खान्थे । रसूल ﷺ ले "उनीहरूलाई अल्लाह बाहेक अरू कसैको कसम खान मनाही गर्नुभयो ।" उमर बिन खत्ताब रजियल्लाहु अन्हु यो कुरा सुन्ने सहाबाहरू मध्येका एक हुनुहुन्थ्यो, जब उहाँले यो कुरा सुन्नुभयो, त तुरुन्तै यस आदेशको पालना गर्नुभयो । त्यसपछि उहाँको वाणीबाट कहिल्यै पनि अल्लाह बाहेक अरू कसैको कसम निस्किएन ।

यस हदीसका बयान कर्ता अब्दुल्लाह इब्ने उमर रजियल्लाहु अन्हुमाले हदीस बयान गरेपछि भन्नुभयोः उमर रजियल्लाहु अन्हुले भन्नुभयोः "अल्लाहको कसम !

जुन दिनदेखि मैले रसूल ﷺ बाट गैरुल्लाहको कसम खान मनाही सुने त्यस दिनदेखि कहिल्यै अल्लाह बाहेक अरूको कसम खाएन।"

त्यसैले प्रत्येक मुस्लिमले अल्लाहको आदेशलाई इन्कार नगरी, कुनै कमी बेसी नगरी, टालमटोल नगरी पूर्ण विश्वास र प्रतिबद्धताको साथ अनिवार्य रूपमा पालन गर्नुपर्छ।

आजकल पनि मानिसहरूले अल्लाह बाहेक अरूको कसम खाने गर्छन्। उनीहरूले भन्छन्: तिम्रो जिन्दगीको कसम, तिम्रो कसम, नबीको कसम, काबाको कसम, .... इत्यादि। यसरी अल्लाह बाहेक अरूको कसम खानु हराम (अवैध) छ र शिर्क पनि हो।

सअद इब्ने उबैदा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अब्दुल्लाह इब्ने उमर रजियल्लाहु अन्हुमाले एकजना मानिसले भन्दै गरेको सुन्नुभयो- होइन, काबाको कसम ! त्यसपछि इब्ने उमर रजियल्लाहु अन्हुमाले भन्नुभयोः गैरुल्लाहको कसम नखाऊ, किनभने मैले रसूल ﷺ ले भन्दै गरेको सुनेको छः

«مَن حَلَفَ بِغَيرِ اللهِ فقد كفَرَ أَو أَشْرَكَ». رواه أحمد وأبو داود والترمذي

अर्थः "जसले गैरुल्लाहको कसम खायो उसले कुफ्र गर्यो वा शिर्क गर्यो।" (अहमदः ६०७२, अबू दाउदः ३२५१, तिर्मिजीः १५३५, इर्वाउल गलीलः २५६१) इमाम तिर्मिजीले यस हदीसलाई हसन भन्नुभएको छ र शेख अल्बानीले सहीह भन्नुभएको छ।

# 35

"अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको नबी ﷺ ले कहिल्यै पनि खानामा कुनै खोट निकाल्नु भएन (खाना नराम्रो छ भन्नुभएन), यदि खाना मन पर्थ्यो भने खानुहुन्थ्यो, नत्र त्यसलाई छोडिदिनु हुन्थ्यो ।" (बुखारीः ३५६३, मुस्लिमः २०६४)

## व्याख्याः

अल्लाहको नबी ﷺ उत्तम आचरण र नैतिकताले परिपूर्ण व्यक्ति हुनुहुन्थ्यो । राम्रो व्यवहार र पवित्र एवम् सभ्य भाषा शैली उहाँको उत्तम आचरणको एउटा नमुना हो । उहाँले कहिल्यै पनि असभ्य र अप्रिय कुराकानी गर्न रुचाउनु हुँदैनथ्यो । यस हदीसमा नबी ﷺ को एउटा आदतको चर्चा गरिएको छ । त्यो हो- उहाँको सामु कुनै खाने कुरा पेस गरिन्थ्यो त उहाँले कहिल्यै त्यसमा खोट तथा कमी कमजोरी निकाल्नु हुँदैनथ्यो । न कहिले खाना चिसो छ भन्नु हुन्थ्यो, न खाना मीठो छैन भन्नु हुन्थ्यो, न खाना पाकेको छैन भन्नु हुन्थ्यो, न राम्रो छैन भन्नु हुन्थ्यो, न नुन कम छ भन्नु हुन्थ्यो, न अन्य कुनै किसिमको खोट निकाल्नु हुन्थ्यो । बरु खान लायक हुन्थ्यो भने खानु हुन्थ्यो, खाने लायक हुँदैनथ्यो वा आफूलाई मन पर्दैनथ्यो भने केही नभनि, कुनै खोट ननिकाली खानालाई छडिदिनु हुन्थ्यो ।

त्यसैले हामीले पनि नबी ﷺ को आचरणको अनुसरण गर्दै, उहाँको सुन्नतको पालना गर्दै खानामा कुनै खोट निकाल्नु हुँदैन । बरु अल्लाहले खानाको रूपमा आफ्नो नेअमत प्रदान गर्नु भएकोमा उहाँलाई धन्यवाद ज्ञापन गर्दै उहाँको प्रशंसा गर्नुपर्छ, अनि सभ्य तरिकाले राम्रा कुराहरू गर्नुपर्छ ।



# 36

बरा इब्ने आजिब रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ सबै मानिसहरूमा हँसमुख, सुन्दर र उत्तम चरित्रवान् हुनुहुन्थ्यो। न त धेरै अग्लो हुनुहुन्थ्यो, न धेरै होचो हुनुहुन्थ्यो। (बुखारीः ३५४९, मुस्लिमः २३३७)

## व्याख्याः

निःसन्देह, नबी ﷺ मानिसहरूमा सबैभन्दा उत्तम आचरण युक्त हुनुहुन्थ्यो, यसै सम्बन्धमा अल्लाहले भन्नुभएको छः

﴿وَإِنَّكَ لَعَلَىٰ خُلُقٍ عَظِيمٍ ٤﴾

अर्थः "निःसन्देह तपाई उच्च आचरण युक्त हुनुहुन्छ।" (सूरतु कलमः ६७/ ४)

अल्लाहको नबी ﷺ उत्तम चरित्रवान् हुनुको साथसाथै शारीरिक रूपमा पनि सुन्दर हुनुहुन्थ्यो। उहाँको शारीरिक बनावट पनि राम्रो र सुन्दरताले भरिपूर्ण थियो। उहाँ ﷺ को उच्च आचरण, उत्तम चरित्र र सुन्दर शारीरिक बनावटको बारेमा चर्चा गर्दै वरिष्ठ सहाबी बराअ इब्ने आजिब रजियल्लाहु अन्हुले भन्नुभएको छः रसूल ﷺ मानिसहरूमा सुन्दर अनुहार भएको हुनुहुन्थ्यो र शारीरिक बनावट पनि खुब राम्रो मिलेको हुनुहुन्थ्यो। न त धेरै अग्लो हुनुहुन्थ्यो, न धेरै होचो।

बराअ इब्ने आजिब रजियल्लाहु अन्हुद्वारा नै बयान गरिएको अर्को हदीसमा छः

अर्थः "नबी ﷺ मध्यम साइजको हुनुहुन्थ्यो, उहाँका दुबै काँधको बीच दूरी थियो (छाती चौडा थियो), उहाँको कपाल कानको लोतीसम्म लामो थियो, मैले उहाँलाई रातो धारीवाला हुल्ल (लुगा) लगाएको देखेको थिए, मैले उहाँ ﷺ भन्दा अधिक सुन्दर व्यक्ति कहिल्यै देखेन।" (बुखारीः ३५५१, मुस्लिमः २३३७)

सहीह बुखारी र सहीह मुस्लिममा अनस इब्ने मालिक रजियल्लाहु अन्हुद्वारा रिवायत छः

अर्थः "रसूल ﷺ मध्यम आकारको हुनुहुन्थ्यो, न त धेरै अग्लो हुनुहुन्थ्यो न धेरै होचो, उहाँको रङ्ग उज्यालो लालीवाला थियो।" (बुखारीः ३५४७, मुस्लिमः २३३०)

उहाँ ﷺ गोरो रङ्गको हुनुहुन्थ्यो, त्यही गोरोमा लालीपना मिसिएको थियो।

अबू हुरैरा रजियल्लाहु अन्हुले भन्नुभएको छः

"नबी ﷺ मोतीद्वारा बनाइएको जस्तो गोरो हुनुहुन्थ्यो।" (तिर्मिजी- शमाईल मुहम्मदियाः १२, सहीह अल्बानीः २०५३)

त्यसैगरी जाबिर बिन् समुरह रजियल्लाहु अन्हुले बयान गर्नुभएको छः

अर्थः "मैले अल्लाहको रसूल ﷺ लाई उज्यालो चन्द्रमा लागेको रातमा देखेको थिए, त्यसपछि मैले उहाँ ﷺ लाई र चन्द्रमालाई हेर्न थाले (दाँजे) त मैले उहाँ ﷺ लाई चन्द्रमा भन्दा सुन्दर देखे।" (तिर्मिजी किताबुल् अदबः ३०४१ हसन गरीब, शेख अल्बानीले मुख्तसर शमाईल पेज- ८ मा सहीह भन्नुभएको छ।)

अल्लाहको तर्फबाट नबी ﷺ, उहाँका परिवार र उहाँका सहाबाहरूमाथि अत्याधिक शान्ति र दया अवतरण होस्।

# 37

अम्र बिन् आस रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, मैले नबी ﷺ सँग सोधेः हजुरलाई मानिसहरूमा सबैभन्दा प्यारो को लाग्छ ? उहाँले भन्नुभयोः "आइशा", मैले सोधेः पुरुषहरूमा को लाग्छ ? उहाँले भन्नुभयोः "उनको बुवा" मैले सोधेः त्यसपछि को ? उहाँले भन्नुभयोः "त्यसपछि उमर"। (बुखारीः ३६६२, मुस्लिमः २३८४)

## व्याख्याः

अम्र बिन् आस रजियल्लाहु अन्हु नबी ﷺ का वरिष्ठ सहाबाहरू मध्येको एक हुनुहुन्थ्यो। यस हदीसमा अम्र बिन् आस रजियल्लाहु अन्हुले स्वयम् नबी ﷺ सँग सोधेको कुरा बयान गर्नुभएको छ। उहाँले नबी ﷺ सँग हजुरको नजरमा सबैभन्दा प्यारो मानिस को हो ? भनेर सोध्नुभयो त उहाँ ﷺ ले भन्नुभयोः मेरो निकट सबैभन्दा प्यारो मेरी पत्नी आईशा (रजियल्लाहु अन्हा) छिन्। त्यसपछि अम्र बिन् आस रजियल्लाहु अन्हुले सोध्नुभयोः पुरुषहरूमा हजुरलाई सबैभन्दा प्यारो को लाग्छ ? उहाँ ﷺ ले भन्नुभयोः आईशाको बुवा अबू बक्र सिद्दीक रजियल्लाहु अन्हु। फेरी उहाँले सोध्नुभयोः त्यसपछि हजुरलाई को प्यारो लाग्छ ? उहाँ ﷺ ले भन्नुभयोः उमर इब्ने खत्ताब रजियल्लाहु अन्हु।

यी तीन सहाबा र सहाबिया (रजियल्लाहु अन्हुम अज्मईन) का धेरै खुबीहरू छन्, जसको कारण उहाँहरूको श्रेष्ठता पनि त्यत्तिकै छ। त्यसैले नबी ﷺ को निकट सबैभन्दा प्यारा पनि उहाँहरू नै हुनुहुन्थ्यो।

एउटा कुरा स्पष्ट पार्नु जरुरी छ, त्यो हो- सहाबाहरूबारे अहले सुन्नत वल्-जमाअतको अकीदाः चार खलीफाहरू सहाबाहरूमा सबैभन्दा श्रेष्ठ हुनुहुन्छ। ती चार खलिफाहरूमा श्रेष्ठताको हिसाबले उहाँहरूको खिलाफतको क्रम झैं क्रमशः अबू बक्र सिद्दीक, उमर बिन् खत्ताब, उस्मान बिन् अफ्फान र अली बिन् अबी तालिब रजियल्लाहु अन्हुम् अज्मईन हुनुहुन्छ।

समस्तमा भन्नु पर्दा उहाँहरू मुहम्मद ﷺ को उम्मतका सबैभन्दा श्रेष्ठ व्यक्तिहरू हुनुहुन्छ। उहाँहरू र अन्य सहाबाहरूको बारेमा हाम्रो अकीदा र धारणा यस प्रकार छः हामीले सबै सहाबाहरूलाई माया गर्छौं, उहाँहरूलाई इज्जत र सम्मान गर्छौं, उहाँहरूसँग हामीहरू पनि राजी छौं। अल्लाह उहाँहरू सबैसँग राजी होऊन् र उहाँहरूलाई खुसी राखून्।

# 38

अनस इब्ने मालिक रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, नबी ﷺ ले प्रायजसो यो दुआ माग्नु हुन्थ्योः "अल्लाहुम्म आतिना फिद्-दुन्या हसनतन्, व फिल् आखिरति हसनतन्, वकिना अजाबन्-नार" [अर्थः हे अल्लाह ! हामीलाई यस लोकमा भलाइ दिनुहोस् र परलोकमा पनि भलाइ दिनुहोस्, अनि नर्कको आगोबाट बचाउनुहोस् ।" (बुखारीः ६३८९, मुस्लिमः २६९०)

## व्याख्याः

दुआ महान् पुण्य कार्यहरू मध्येको एक हो । यो अल्लाहको महानता, उहाँको तौहीदको प्रमाण, उहाँको कृपा, क्षमायाचना र प्रसन्नताको कारक अनि भक्तले उहाँको माया पाउने, माग स्वीकार हुने र भक्तले मागेको चीज प्रदान गर्ने माध्यम पनि हो ।

नबी ﷺ ले अत्याधिक दुआ गर्ने गर्नुहुन्थ्यो । सुन्नतका किताबहरूमा उहाँका दुआहरू प्रशस्तै पाउन सकिन्छ । सुन्नतका तिनै किताबहरू मध्ये छ वटा प्रमुख किताब छन्, जसलाई सियाह सित्त भनिन्छ । जो यस प्रकार छन्- सहीह बुखारी, सहीह मुस्लिम, सुनन् अबी दाउद, सुनन् तिर्मिजी, सुनन् नसाई र सुनन् इब्ने माजा । यी बाहेक अन्य पनि सुन्नतका किताबहरू छन् ।

सुन्नतका किताबहरूमा नबी ﷺ ले पढ्ने गरेका दुआहरू धेरै छन्, तैपनि उहाँले

यस दुआलाई अत्याधिक पढ्ने गर्नुहुन्थ्योः “अल्लाहुम्म आतिना फिद्-दुन्या हसनतन्, व फिल् आखिरति हसनतन्, वकिना अजाबन्-नार” । किनभने यो पवित्र कुर्आनको त्यस्तो दुआ हो जसमा यस लोक र परलोकको भलाइको समेटिएको छ ।

शेख अब्दुर्रहमान सअदी रहिमहुल्लाहले भन्नुभएको छः यस लोकको लागि जो भलाइ मागिएको छ, त्यसमा प्रत्येक ती कुराहरू समेटिएका छन्, जो मानव जीवनमा उसको लागि भलो र फाइदा जनक हुन्छ । जस्तै- हलाल रोजी र उत्तम रोजी, प्रशस्त जीविका, सच्चा र सत्कर्मी जीवन साथी, आँखा र मनलाई सितल पार्ने सन्तान, शान्त र सुखी जिन्दगी, उपयोगी ज्ञान, धार्मिक कर्महरू र यस्तै अन्य भलाइहरू ।

त्यसैगरी परलोकको भलाइमा निम्न कुराहरू समावेश छन्- मृत्यु, कब्र र नर्कको यातनाबाट शान्ति र सुरक्षा, अल्लाहको प्रसन्नता प्राप्ति, सधैँ बाँकी रहने अल्लाहको वरदान जन्नत प्राप्ति, अल्लाहको निकटता प्राप्ति आदि ।

उपरोक्त कारणहरूले गर्दा यो दुआ सबैभन्दा उत्तम, महत्त्वपूर्ण र परिपूर्ण दुआ बनेको छ । त्यसैले नबी ﷺ ले यस दुआलाई सबैभन्दा अधिक पढ्नुहुन्थ्यो र अरूलाई पनि पढ्ने प्रेरणा दिनुहुन्थ्यो ।

## 39

अबू हुरैरा रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो: **"जब मानिस मर्छ त निम्न तिन चीजहरू बाहेक सबै कर्महरू (कर्महरूका पुण्यको सिलसिला) समाप्त हुन्छन्- सदका जारिया, फाइदा जनक कर्म र उसको लागि दुआ गर्ने नेक सन्तान।"** (मुस्लिम: १६३१)

### व्याख्या:

अल्लाहले आफ्ना मोमिन भक्तहरूलाई त्यस्ता कार्यहरू गर्न आदेश दिनुभएको छ, जसले उसलाई अल्लाहको दया र प्रसन्नताको नजिक गरोस् अनि अप्रसन्नता र सजायबाट मुक्त गरोस्। यस हदीसमा नबी ﷺ ले हामीलाई बताउनु भएको छ, जब मानिस मर्छ त उसका कर्महरूको प्रतिफल तथा पुण्य प्राप्तिको सिलसिला समाप्त हुन्छ। तर तीनवटा चीजहरू यस्ता छन्, जसको प्रतिफल र पुण्य प्राप्तिको सिलसिला मृत्यु पश्चात् पनि जारी रहन्छ। जसको खुलासा यस प्रकार छः

**पहिलो चीजः** सदका जारिया (बाँकी रहिरहने पुण्य) को कुनै काम गर्नु। जस्तै- कसैले आफ्नो जिन्दगीमा कुवा (इनार) खनाउँछ अनि त्यो कुवा उसको मृत्यु पछि पनि प्रयोगमा आउँछ। त जहिले सम्म त्यस कुवाबाट मानिसहरू वा कुनै जनावरले फाइदा उठाउँछन् तबसम्म कुवा खनाउने व्यक्तिलाई पुण्य मिलिरहन्छ। चाहे त्यो व्यक्तिको मृत्यु भइसकेको किन नहोस्। त्यसैगरी मस्जिदहरू, मद्रसाहरू, होस्टेलहरू बनाउनु, कुर्आनहरू छपाएर बाँड्नु, लगायत मानव तथा अन्य प्राणीहरूको लागि फाइदा हुने कामहरू गर्नु, इत्यादि।

**दोस्रो चीजः** मानिसहरूलाई फाइदा पुर्याउने ज्ञान हासिल गर्नु । जस्तै- कसैले कुनै समुदायलाई ज्ञान सिकाउँछ, वा उनीहरूलाई सही मार्गदर्शनको कुरा बताउँछ, वा कुनै किताब लेख्छ, वा छपाएर बाँड्छ, वा यसमा सहभागी हुन्छ, वा कुनै फाइदा जनक ज्ञानलाई फैलाउँछ, त यस्तो कार्य गरे बापत उसलाई उसको जिन्दगीमा पनि पुण्य मिलिरहन्छ र मृत्यु पश्चात् पनि पुण्य मिलिरहन्छ ।

**तेस्रो चीजः** नेक तथा सदाचारी सन्तानहरू छोडेर जानु । महिला होऊन् वा पुरुष जब उनीहरूले आफ्नो सन्तानलाई राम्रो पालनपोषण र शिक्षादीक्षा दिन्छन्, त ती सन्तानले कर्म पनि राम्रो नै गर्छन् । ती सन्तानले जो पनि राम्रो काम गर्छन्, त्यस कामको पुण्य तिनका बुवा आमालाई पनि मिल्छ । त्यसैगरी जब नेक तथा सदाचारी सन्तानले आफ्ना बुवा आमाको लागि दुआ गर्छन्, त बुवा आमालाई पनि अल्लाहको तर्फबाट दया, कृपा र पुण्य मिलिरहन्छ ।



# 40

जाबिर इब्ने अब्दुल्लाह रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, अल्लाहको रसूल ﷺ ले भन्नुभयो: "प्रत्येक मानिस कयामतको दिन त्यही अवस्थामा उठाइने छ जुन अवस्थामा उसको मृत्यु भएको थियो ।"

(मुस्लिमः २८७८)

## व्याख्या:

यस हदीसमा हुस्ने खातिमा (राम्रो अन्त्य) को बारेमा चर्चा गरिएको छ । यो त्यस्तो महत्त्वपूर्ण कार्य हो, जसलाई नबी ﷺ का सहाबाको समयदेखि आजसम्म नेक र सालेहीन मानिसहरूले गर्दै आएका छन् ।

राम्रो अन्त्यको अर्थः मानिसले आफ्नो जीवनको अन्त्य (मृत्यु) ईमानको अवस्था र भलाइ तथा सत्कर्म गर्दै गर्दाको अवस्थामा गरोस् ।

यस हदीसमा नबी ﷺ ले हामीलाई जानकारी दिनुभएको छ, मानिस जस्तो हालतमा मर्छ, उसलाई त्यस्तै हालतमा कयामतको दिन जीवित गरिन्छ । जुन व्यक्तिको हज्ज उम्रहमा तल्बिया पढ्दै गरेको अवस्थामा मृत्यु हुन्छ, ऊ कयामतको दिन पनि तल्बिया पढ्दै गरेको अवस्थामा उठाइने छ । जुन व्यक्तिको मृत्यु अल्लाहको जिक्र तथा स्तुति गर्दै रहेको अवस्थामा हुनेछ, ऊ कयामतको दिन अल्लाहको जिक्र तथा स्तुति गर्दै गरेको अवस्थामा जीवित गरिनेछ । त्यसैगरी जुन व्यक्तिको कुनै

नराम्रो कार्य गर्दै गरेको अवस्थामा मृत्यु हुनेछ, ऊ कयामतको दिन त्यस्तै नराम्रो काम गर्दै गरेको अवस्थामा जीवित गरिनेछ। हामी अल्लाहसँग सलामति, सुरक्षा र कल्याणको कामना तथा दुआ गर्दछौं।

त्यसैले हामी नराम्रा कार्यहरूबाट बच्नुपर्छ र आफूलाई सत्कर्मतिर लगाउनुपर्छ, ताकि हाम्रो अन्त्य राम्रो काम गर्दै गरेको अवस्थामा होस्, अनि हामी कयामतको दिन जब पुनः जीवित गरिनेछौं त अल्लाहको दया, कृपा, प्रसन्नता, क्षमायाचना छत्रछायामा रहन पाउँ।

1- عن عبدِ اللهِ بنِ عُمَرَ بنِ الخطَّابِ رَضِيَ اللَّهُ عَنْهُ قال: قال رسول الله صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: **«بُني الإسلامُ على خمسٍ: شهادةِ أن لَّا إِلٰهَ إلَّا اللهُ، وأنَّ محمَّدًا رسولُ اللهِ، وإقامِ الصلاةِ، وإِيتاءِ الزَّكاةِ، والحجِّ، وصومِ رمضانَ»**.

متفق عليه

2- عن أنسِ بن مالكٍ رَضِيَ اللَّهُ عَنْهُ قال: سُئِل النبيُّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ عن الكبائر، فقال: **«الإِشْرَاكُ بِاللهِ، وعُقُوقُ الوالِدَينِ، وقتلُ النَّفْسِ، وشهادةُ الزُّورِ»**.

متفق عليه

3- عن عبد الله بن عمرو رَضِيَ اللَّهُ عَنْهُمَا قال: قال رسول الله صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: **«المُسلِمُ: مَن سَلِمَ المُسْلِمونَ مِن لسانِه ويَدِه»**. متفق عليه

4- عن أبي هريرة رَضِيَ اللَّهُ عَنْهُ قال: قال رسول الله صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: **«آيةُ المُنافقِ ثلاثٌ: إذا حدَّثَ كَذَبَ، وإذا وعَدَ أَخْلَفَ، وإذا اؤْتُمِنَ خانَ»**. متفق عليه

5- عن جابر بن عبد الله رَضِيَ اللَّهُ عَنْهُ، قال: قال رسول الله صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: **«بين الرجُلِ وبين الشِّركِ والكفرِ تَرْكُ الصَّلاةِ»**. رواه مسلم

6- عن أبي هريرة ﵁، قال: قال رسول الله ﷺ: «**المؤمنُ القويُّ خيرٌ وأحبُّ إلى الله من المؤمنِ الضعيف، وفي كُلٍّ خير**». رواه مسلم

7-عن عثمانَ بنِ عفَّانَ ﵁، قال: قال رسول الله ﷺ: «**من توضَّأَ لِلصَّلاةِ فأَسْبَغَ الوُضوءَ، ثُمَّ مشى إلى الصَّلاةِ المكتُوبةِ فصَلَّاها مع الجماعةِ، غفَرَ اللهُ له ذنوبَه**». رواه مسلم

8- عن أبي هريرة ﵁، قال: قال رسول الله ﷺ: «**من كذَبَ عليَّ مُتعمِّدًا فلْيتَبوَّأْ مقعدَهُ من النَّار**». متفق عليه

9- عن عبد الله بن مسعود ﵁، قال: قال رسول الله ﷺ: «**لا يدخلُ الجنَّةَ مَن كان في قلبِه مِثقالُ ذَرَّةٍ مِن كِبْرٍ**». رواه مسلم

10- عن عثمانَ بنِ عفَّانَ رضي الله عنه، قال: قال رسول الله ﷺ: «**خيرُكم مَن تعلَّمَ القُرْآنَ وعلَّمَه**». رواه البخاري

11- عن أبي هريرة ﵁، قال: قال رسول الله ﷺ: «**كلمتانِ خفيفتانِ على اللسان، ثقيلتانِ في الميزان، حبيبتانِ إلى الرحمن: سبحانَ اللهِ وبِحَمْده، سبحانَ اللهِ العظيم**». متفق عليه

12- عن أبي هريرة ﵁، قال: «**أَوصاني خليلي ﷺ بِثلاثٍ: صيامِ ثلاثة أيّامٍ مِن كُلِّ شَهرٍ، وَرَكْعتي الضُّحَى، وأَن أُوتِرَ قبل أن أنام**». متفق عليه

13- عن أبي هريرة ﵁، قال: قال رسول الله ﷺ: «**أَقربُ ما يكونُ العبدُ مِن ربِّه وهو ساجِدٌ، فأَكْثِرُوا الدُّعاءَ**». رواه مسلم

14- عن ثابت بن الضَّحَّاكِ ﵁، قال: قال رسول الله ﷺ: «**لَعْنُ المُؤْمِنِ كَقَتْلِه**». متَّفقٌ عليه

15- عن أبي هريرة ﵁، قال: قال رسول الله ﷺ: «**قال اللهُ تبارك وتعالَى: يا ابْنَ آدمَ، أَنْفِقْ أُنْفِقْ عليك**». متفق عليه

16- عن أبي هريرة ﵁، قال: قال رسول الله ﷺ: «**ما يُصيبُ المُسلِمَ مِن نَصَبٍ ولا وَصَبٍ، وَلا هَمٍّ وَلَا حَزَنٍ، ولا أَذًى ولا غَمٍّ، حتَّى الشَّوْكَة يُشاكُها، إلَّا كَفَّرَ اللهُ بها مِن خَطاياه**». متفق عليه

17- عن أبي هريرة ﵁، قال: قال رسول الله ﷺ: «**لا تَدخلُونَ الجنَّةَ حتى تُؤْمِنُوا، ولا تُؤمِنُوا حتَّى تَحابُّوا، أَوَلا أَدُلُّكُم على شَيءٍ إذا فَعَلتُمُوهُ تَحابَبْتُم؟ أفْشُوا السَّلامَ بينكم**». رواه مسلم

18- عن أبي سعيدٍ الخُدْري ﵁، قال: قال رسول الله ﷺ: «**لا يَنظُرُ الرَّجلُ إلى عَورَةِ الرَّجُلِ، ولا المَرأَةُ إلى عَورَةِ المَرأَة**». رواه مسلم

19- عن الصَّعْبِ بنِ جَثَّامَةَ ﵁: أنه أَهْدَى إلى رسول الله ﷺ صيدًا، فردَّه النبي ﷺ عليه ولم يَقْبَلْه منه، فلمَّا رأى النبيُّ ﷺ ما في وجهه من الحُزْن، قال: «**إِنَّا لم نَرُدَّهُ عليك إلَّا أَنَّا حُرُمٌ**». متفق عليه

20- عن حذيفة بن اليَمَانِ ﵁، قال: قال رسول الله ﷺ: «**لا يدخلُ الجنَّةَ قَتَّاتٌ**». متفق عليه

21- عن أنس بن مالك ﵁، قال: قال رسول الله ﷺ: «**ما مِن مُسلمٍ يَغرِسُ غَرْسًا، أو يَزْرَعُ زرعًا، فيأكل منه طيرٌ أو إنسانٌ أو بهيمةٌ، إلَّا كان له به صدقة**». متفق عليه

22- عن أبي هريرةَ ﵁، قال: كان لرجلٍ على رسول الله ﷺ دَيْن، فجاء يتقاضاه وأَغْلَظ، فَهَمَّ به أصحابُ النبيِّ ﷺ: فقال النبيُّ ﷺ: «**دَعُوهُ؛ فإنَّ لِصاحبِ الحقِّ مَقَالًا**». متفق عليه

23- عن أبي قتادةَ ﵁، قال: قال رسول الله ﷺ: «**مَن سَرَّهُ أن يُنْجِيَهُ اللهُ مِن كُرَبِ يومِ القيامة، فلْيُنَفِّسْ عن مُعْسِرٍ، أو يَضَعْ عَنه**». رواه مسلم

24- عن أبي هريرة ﵁، قال: قال رسول الله ﷺ: «**مَن غَشَّنا فلَيس مِنَّا**». رواه مسلم

25- عن أبي أُمَامَةَ ﵁، قال: قال رسول الله ﷺ: «**من اقْتَطَعَ حَقَّ امْرِئٍ مُسلِمٍ بِيَمِينِه، فقد أَوجَبَ اللهُ له النَّارَ، وحَرَّمَ عليه الجَنَّة**»، فقال رجل: يا رسولَ الله، وإن كان شيئًا يسيرًا؟ قال: «**وإِنْ قَضِيبًا مِن أَرَاكٍ**». رواه مسلم

26- عن أبي موسى الأشعريِّ ﵁، أنَّ النبيَّ ﷺ بعَثَهُ ومعاذًا إلى اليَمَن، وقال لهما: «**يَسِّرَا ولا تُعَسِّرَا، وبَشِّرَا ولا تُنَفِّرَا، وتَطَاوَعَا ولا تَختَلِفَا**». متفق عليه

27- عن أبي موسى الأشعريّ رَضِيَ اللَّهُ عَنْهُ، قال: قال رسول الله ﷺ: **«من حَمَلَ عَلَينا السِّلاحَ فَلَيسَ مِنّا»**. متفق عليه

28- عن عبد الله بن مُغَفَّلٍ رَضِيَ اللَّهُ عَنْهُ، أنَّ رسول الله ﷺ نَهَى عن الخَذْفِ، وقال: **«إنَّها لا تَصِيدُ صَيدًا، ولا تَنْكَأُ عَدُوًّا، ولكِنَّهَا تَكسِرُ السِّنَّ، وَتَفْقَأُ العَيْنَ»**. متفق عليه

29- عن أنس بن مالك رَضِيَ اللَّهُ عَنْهُ، قال: **«خَدَمْتُ النَّبِيَّ ﷺ عَشْرَ سِنِينَ، فما قال لِي أُفٍّ قَطُّ»**. متفق عليه

30- عن أبي هريرة رَضِيَ اللَّهُ عَنْهُ، قال: قال رسول الله ﷺ: **«إذا قامَ أَحَدُكم مِن مَجْلِسِه ثُمَّ رجع إليه، فَهُوَ أَحَقُّ بِه»**. رواه مسلم

31- عن أبي هريرةَ رَضِيَ اللَّهُ عَنْهُ، قال: قال رسول الله ﷺ: **«حقُّ المُسلمِ على المُسلم سِتٌّ: إذا لَقِيتَهُ فَسَلِّمْ عليه، وإذا دعاك فأجِبْهُ، وإذا اسْتَنْصَحَكَ فَانْصَحْ لَهُ، وَإِذَا عَطَسَ فَحَمِدَ اللهَ فَشَمِّتْهُ، وإذا مَرِضَ فَعُدْهُ، وإذا ماتَ فَاتبَعْه»**.

32- عن أبي سعيد الخدري رَضِيَ اللَّهُ عَنْهُ، قال: قال رسول الله ﷺ: «أَعْطُوا الطَّرِيقَ حَقَّهُ»، قالوا: وما حقُّه؟ قال: «غَضُّ البَصَرِ، وَكَفُّ الْأَذَى، وردُّ السَّلامِ، وَالأَمْرُ بِالمَعرُوفِ وَالنَّهيُ عَنِ المُنكَرِ». متفق عليه

33- عن عبد الله بن عُمَرَ رَضِيَ اللَّهُ عَنْهُ، قال: قال رسول الله ﷺ: «ما حَقُّ امرِئٍ مُسلِمٍ لَهُ شَيءٌ يُوصِي فِيه، يَبِيتُ لَيلَتَينِ إِلَّا وَوَصِيَّتُهُ مَكتُوبَةٌ عِندَه». متفق عليه

34- عن عبد الله بن عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا، قال: قال رسول الله ﷺ: «إِنَّ اللهَ يَنهاكُم أَن تَحْلِفُوا بِآبَائِكُم، مَن كان حالِفًا فَليَحْلِفْ بِاللهِ أَوْ لِيَصْمُتْ». متّفقٌ عليه

35- عن أبي هريرةَ رَضِيَ اللَّهُ عَنْهُ قال: «مَا عَابَ النَّبِيُّ ﷺ طعامًا قَطُّ، إِنِ اشْتَهاهُ أَكَلَهُ، وَإِلَّا تَرَكَهُ». متفق عليه

36- عن البراء بن عازبٍ رَضِيَ اللَّهُ عَنْهُ، قال: «كَانَ رَسُولُ اللهِ ﷺ أَحسَنَ النَّاسِ وَجْهًا، وَأَحْسَنَهُمْ خَلْقًا، لَيسَ بِالطَّوِيلِ الْبَائِنِ، وَلَا بِالْقَصِيرِ». متفق عليه

37- عن عَمْرو بن العاص رضي الله عنه، قال: سألتُ النبيَّ صلى الله عليه وسلم: أيُّ الناس أَحَبُّ إليك؟ قال: «عَائِشَةُ»، فقلتُ: مِنَ الرجال؟ قال: «**أَبُوهَا**»، قلت: ثُمَّ مَنْ؟ قال: «**ثُمَّ عُمَرُ بنُ الخطَّاب**». متفق عليه

38- عن أنس بن مالكٍ رضي الله عنه، قال: كان أكثر دعاء النبيُّ صلى الله عليه وسلم:
«**اللَّهُمَّ آتِنَا في الدُّنيا حَسَنَةً وفي الآخِرَةِ حَسَنَةً، وَقِنَا عذاب النَّارِ**». متفق عليه

39- عن أبي هريرة رضي الله عنه، قال: قال رسول الله صلى الله عليه وسلم: «**إذا ماتَ الإنسانُ انقَطَعَ عَمَلُهُ إلَّا مِن ثلاثةٍ: إلَّا مِن صدقةٍ جاريةٍ، أو عِلمٍ يُنْتَفَعُ به، أو ولدٍ صالِحٍ يَدْعُو له**». رواه مسلم

40- عن جابر بن عبد الله رضي الله عنه، قال: قال رسول الله صلى الله عليه وسلم: «**يُبْعَثُ كُلُّ عَبدٍ على ما ماتَ عليه**». رواه مسلم

# विषय सूची


१. इस्लामका आधारहरू।

२. ठूला पापहरू।

३. वचनको सुरक्षा।

४. मुनाफिकका विशेषताहरू।

५. नमाजको महत्त्व।

६. अल्लाहको दृष्टिमा उत्तम मोमिन।

७. नमाज पढ्नाले पापहरू मेटिन्छन्।

८. रसूल ﷺ को बारेमा झूट बोल्नको नतिजा।

९. घमन्ड गर्नेको नतिजा।

१०. कुर्आन सिक्ने र सिकाउनेको श्रेष्ठता।

११. अल्लाहको निकट प्यारा कलिमा।

१२. रसूल ﷺ को साथीलाई उपदेश।

१३. सज्दामा भक्त अल्लाहको सबैभन्दा नजिक हुन्छ।

१४. मोमिनलाई लानत गर्नु हत्या गरे समान हो ।

१५. तैले खर्च गर, म पनि खर्च गर्नेछु ।

१६. रोग-व्याधि र दुख-कष्टमा धैर्य गर्नाले पापहरू क्षमा हुन्छन् ।

१७. आपसमा सलाम गर्नुको महत्त्व ।

१८. एक अर्कामा गोप्य अङ्ग हेर्न मनाही ।

१९. समय र परिस्थिति अनुसार कामको कारण तुरुन्त बताउनु ।

२०. चुक्लीखोर जन्नतमा जान पाउनेछैन ।

२१. बोट बिरुवा रोप्ने र खेती गर्नेलाई पुण्य मिल्छ ।

२२. ऋणलाई राम्रोसँग चुक्ता गर्ने व्यक्ति उत्तम व्यक्ति हो ।

२३. ऋणीलाई सहुलियत दिँदा कयामतमा सहुलियत मिल्नेछ ।

२४. हामीलाई धोका दिने व्यक्ति हामीहरू मध्येको होइन ।

२५. झूटो कसम खाएर कसैको माल हडप्ने व्यक्तिको सजाय ।

२६. नरम व्यवहार गर्नु र खुसी ल्याउनु ।

२७. हामीहरूमाथि हतियार उठाउने हामीहरू मध्येको होइन ।

२८. कंकरीले हान्न र त्यससँग खेल्न मनाही ।

२९. अल्लाहको रसूल ﷺ को व्यवहार।

३०. मजलिस तथा सभाको शिष्टाचार।

३१. एक मुस्लिममाथि अर्को मुस्लिमको हक।

३२. बाटोमा बस्ने व्यक्तिले त्यसको हक अदा गर्नु।

३३. वसियतको माल भए वसियतनामाको कागजात बनाउनु।

३४. अल्लाह बाहेक अरूको कसम खान मनाही।

३५. खानामा खोट ननिकाल्नु।

३६. अल्लाहको रसूल ﷺ को हुलिया र चरित्र।

३७. अल्लाहको रसूलका सबैभन्दा प्यारा मानिसहरू।

३८. अल्लाहको रसूल ﷺ ले प्रायजसो माग्ने दुआ।

३९. पुण्यको प्राप्तिको सिलसिला बाँकी रहने चीजहरू।

४०. मानिस जुन अवस्थामा मर्छ, त्यही अवस्थामा उठाइनेछ।

NEPALI

- यो किताब साना ठूला सबै उमेरका मानिसहरूको लागि उपयुक्त छ, किनभने यसमा कुर्आनका आयात, हदीसहरू, धर्मविद्हरूका किताबमा नकल गरिएका शब्दहरू, तिनका अर्थ र उपदेशहरू छन्।

- याद गर्न सजियलो होस् भन्ने उद्देश्यले मैले यी साना हदीसहरूलाई चयन गरेको छु अनि अलग-अलग विषयमा जानकारी होस् र अधिक फाइदा होस् भन्ने उद्देश्यले विभिन्न विषयका हदीसहरू चयन गरेको हुँ।

- मैले किताबको अन्त्यमा सबै हदीसहरूलाई क्रमबद्ध रूपमा नकल गरेको छु, ताकि हिफ्ज (कण्ठ) गर्नेहरूका लागि सहज होस्।

- वास्तवमा यो "अल्-अरबईन अल्-विल्दानिय्यह्" किताबलाई मैले साना बच्चाहरूलाई याद गर्न सजिलो होस् भनेर तयार गरेको हुँ। त्यसैले बच्चाहरूलाई हिफ्ज गराउनको लागि मस्जिदहरू, मद्रसाहरू, शैक्षिक सभा तथा कार्यक्रमहरूमा हिफ्ज प्रतियोगिताको आयोजना गर्न अनुरोध गर्दछु।

- म बुवा-आमा, शिक्षक र शिक्षिकाहरूलाई बच्चाहरूको साथ किताब पढ्न अनुरोध गर्दछु, ताकि बच्चाहरूले हिफ्ज गर्नु भन्दा पहिले उनीहरूको भाषा र उच्चारण सुधार होस्, अनि ती हदीसहरूबाट हासिल हुने इस्लामिक आदाब तथा शिष्टाचारहरू सिक्न सकुन्।

- मैले हदीसको व्याख्या गर्दा धेरै अर्थ, लाभ र निर्देशनहरू उल्लेख गरेको छु, तैपनि बाँकी अरू कैयौँ अर्थ, लाभ र निर्देशनहरू मैले उल्लेख गरेका भन्दा पनि धेरै छन्। मलाई आशा छ, बच्चा बच्चीहरूले स्वयम् वा कसैसँग मिलेर बाँकी रहेका अर्थ, फाइदा र निर्देशनहरू खोज अनुसन्धान गर्नेछन् र त्यसलाई नोट गरेर राख्नेछन्, ताकि त्यसबाट स्वयम् उनीहरूलाई पनि फाइदा होस् र अरूले पनि फाइदा उठाउन सकुन्।

मुहम्मद बिन् सुलैमान बिन् अब्दुल्लाह अल्-मुहन्ना

مركز أصول
Osoul Center
www.osoulcenter.com